जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १६६ • २०८० साल कार्त्तिक २३ गते बिहीबार (9 November, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपामा विद्रोह

# अध्यक्ष यादवकै गृह जिल्लामा समानान्तर समिति




**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवकै गृह जिल्लामा पार्टी भित्रको आन्तरिक विवाद उत्कर्षमा पुगेको छ । अध्यक्ष यादव गत प्रतिनिधिसभाको निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नम्वर २ मा विवादकै कारण पराजित भएका थिए । सोही क्षेत्रबाट प्रदेश सभामा जसपाका नेतृ रेणु यादवकी छोरा अभिषेक यादव पनि पराजित भएका थिए ।

सप्तरीमा जसपाका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले बुधबारको कार्यकर्ता भेला रोक्न सूचना जारी गरेका थिए, त्यस विपरीत बुधबार जिल्ला कार्य समितिकै ब्यानर राखेर जिल्ला स्तरिय कार्यकर्ता भेलाको आयोजना गरेपछि विवाद उत्कर्षमा पुगेको छ । सो भेलामा जिल्ला समितिका उपाध्यक्ष उमेश प्रसाद यादवको अध्यक्षतामा बुधबार नै ५७ सदस्यीय समानान्तर जिल्ला कार्य समिति गठन गरेपछि विवाद सतहमा पुगेको छ ।

जिल्ला समन्वय समितिको सभाकक्षमा आयोजित भेलामा जिल्ला, प्रदेश र केन्द्रसम्मका नेता सहभागी भए । असन्तुष्ट पक्षको भेलामा गत स्थानीय तहको निर्वाचनमा जसपाका तर्फबाट नगर प्रमुख तथा गाउँपालिका अध्यक्षका उम्मेदवार बनेका १८ मध्ये १३ पालिका उम्मेदवार पनि सहभागी थिए ।

सिरहाको लहानमा मधेश प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालनमा रहे पनि जसपाका नेतृ रेणु यादव, मधेश प्रदेशका पूर्व अर्थमन्त्री शैलेन्द्र साहको विशेष उपस्थितिमा सो समानान्तर समिति गठन गरिएको छ ।

जिल्ला अध्यक्ष केदार यादवले असन्तुष्ट पक्षलाई भेला नगर्न तथा उक्त भेला अवैधानिक र केही व्यक्तिको स्वार्थपूर्तिका लागि हुन लागेको भन्दै स्थानीय नेता तथा कार्यकर्तालाई सहभागी नहुन सूचना नै जारी गरे पनि उक्त सूचनाको बेवास्ता गर्दै ठूलो संख्यामा जसपाका नेता तथा कार्यकर्ता सहभागी भए ।

जसपाकी राजनीतिक कार्यसमिति सदस्य एवं पूर्वमन्त्री रेणु यादवले पार्टी भित्र आन्तरिक प्रजातन्त्र कायम गर्न तथा पार्टीको खस्किदै गएको साखलाई जोगाउन आफूहरु विद्रोहमा उत्रेको बताइन् । आफूहरुको विद्रोह नेतृत्वमा देखिएको तानाशाही प्रवृत्ति तथा पार्टीलाई जीवन्तता प्रदान गर्नका लागि भएको उनको भनाइ छ ।

उनले जिल्लादेखि केन्द्रसम्म नेतृत्व गर्नेहरुले लोकतान्त्रिक विधि त्यागेर मनोमानी र एकलौटी ढंगले हिड्दा पार्टीको जनाधार कमजोर बन्दै गएको तथा कार्यकर्ता र समर्थकमा नैराश्यता बढ्दै गएको बताइन् । पार्टीमा आमूल परिवर्तनको आवश्यकता औल्याउँदै उनले यसका लागि अब नयाँ ढंगले अघि बढ्ने उदघोष गरिन् । पार्टी भित्रकै आन्तरिक कलहका कारण अध्यक्ष यादव प्रतिनिधिसभा, रेणुका छोरा अभिषेक प्रदेश सभा र पूर्व अर्थमन्त्री शैलेन्द्र साहसमेतले पराजय भोग्नु परेको थियो ।

जसपामा यस भन्दा पहिला पर्सामा पूर्व मन्त्री प्रदीप यादवको अगुवाईमा समानान्तर समिति गठन गरिएको छ भने जनकपुरधाम नगर समितिमासमेत दुई/दुई समिति गठन गरिएको छ । समानान्तर समितिले पार्टी भित्र असन्तुष्टि बढ्नु र यसले पार्टीमा कलह उत्पन्न हुने राजनीतिक विश्लेषकहरुको भनाइ छ । उनीहरु भन्छन्-' पार्टी भित्र समानान्तर समिति गठन हुनु भनेको पार्टी भित्र विद्रोहको विगुल बुझ्नुपर्छ ।'

'सबै पार्टी भित्र मनमुटाव हुन्छ त्यसको मतलव यो हुँदैन् समानान्तर समिति गठन गर्नुपर्छ' पार्टीको विधान हुन्छ र निर्वाचन सम्बन्धी कानुन बनाइएको हुन्छ जसपाका एक नेताले भने-'निर्वाचन प्रक्रियालाई लत्याउनु भनेको पार्टीलाई लत्याउनु बाहेक अरु केही पनि होइन् । पार्टीको विधानले निर्धारण गरेको निर्वाचन सम्बन्धी व्यवस्था अनुसार नै पार्टी चल्ने हो, समानान्तर समिति बनाएर तत्कालका लागि बिद्रोह गरेको जस्तो लागे पनि जसपा समानान्तर समिति बनाएर टुटफुट नहुने विगतको अनुभव आफूहरुसंग रहेको जसपाका एक नेताले बताए ।

पार्टीका प्रवक्ता मनिष सुमनले जताततै गठन भइरहेको समानान्तर समिति स्थानीय स्तरको असन्तुष्टिको उपज रहेको प्रतिक्रिया दिएका छन् । उनले जस्तोसुकै समिति गठन गरे त्यो वैध नहुने बताए । उनले यस विषयलाई छिट्टै समाधान गर्ने बताए । पार्टी अध्यक्षलाई यस समितिहरुको बारेमा जानकारी नरहेको र यससंग जोडन नहुने बताउँदै प्रवक्ता सुमनले भने-'रेणु यादवजीले शक्ति प्रदर्शन गर्नुभएको छ यसलाई हामीले छिट्टै समाधान गर्छौं ।'

यस भन्दा पहिला पनि रेणु यादवले पार्टी भित्र विद्रोहको संकेतहरु गरेकी थिइन् । उनलाई मन्त्री नबनाउँदा विद्रोहको संकेत गरेपछि मन्त्री बनाइएको थियो भने गत प्रदेशसभाको निर्वाचनमा छोरा अभिषेकलाई टिकट नदिने छाँटकाँट देखिएपछि विद्रोहको संकेत गरेकी थिइन् । अहिले फेरि विद्राहेमा उत्रिन थालेकी रेणुलाई उपेन्द्रले छिट्टै छिनोफानो गर्ने पार्टी जानकारहरुको भनाइ छ ।

# अफताबविरुद्धको मुद्दामा बहस नोट पेश गर्न अदालतको आदेश

**राकेश यादव**

गौर । रौतहटको राजपुर फरदहवामा १६ वर्षअघि भएको बम बिस्फोट घटनाका आरोपित कांग्रेस नेता मोहम्मद आफताब आलामविरुद्धको मुद्दामा बुधबार जिल्ला अदालत गौरले बहस नोट माग्ने आदेश गरेको छ । पटक-पटक पेशी सर्दै आएको मुद्दाको फैसला हुने अनुमान गरिए तापनि १५ दिनभित्र लिखित बहस नोट पेश गर्न आदेश भएको छ।

जिल्ला न्यायाधीश बाबुकाजी बानियाँको एकल इजलासले मुद्दाको गम्भीरतालाई मध्यनजर गर्दै वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकिलको कार्यालय जाहेरवाला कानुन व्यवसायी तथा प्रतिवादीहरूको तर्फबाट कानुन व्यवसायीलाई लिखित बहस नोट पेश गर्न भनी १५ दिनको समय दिइ लिखित बहस नोट पेश गर्ने आदेश भएको अदालतका श्रेस्तेदार उपसचिव उद्धव ढोडारीले जानकारी दिए।

नेपाल सरकारले मुद्दा नचलाउने निर्णय गर्नुअघि वादी नेपाल सरकारले गरेको अनुसन्धानको क्रममा बुझिएको साक्षीको भनाइ व्यहोरा र नेपाल सरकारले मुद्दा नचलाउने गरेको निर्णय सर्वोच्च अदालतबाट बदर हुने गरी भएको आदेश पछिको अनुसन्धानका क्रममा बुझिएको साक्षीको मौकाको र अदालतको बकपत्र तथा प्रतिवादीको साक्षीले अदालतमा गरेको बकपत्रको समेतको संक्षिप्त व्यहोरासहित प्रस्तुत मुद्दा तुलनात्मक टिपोट तयार गरी उक्त मुद्दा २ वर्षभन्दा पुराना भएकोले प्राथमिकताका साथ पेशी तोकी कानुनबमोजिम गर्न भनी आदेश भएको श्रेस्तेदार ढोडारीले बताए।

आलम २०७६ असोजमा पक्राउ परेका थिए । यमुनामाई गाउँपालिका-४ का त्रिलोकप्रताप सिंहलाई जिउँदै चिम्नीमा हालेर मारिएको भन्दै बाबु श्रीनारायण सिंह र अर्का मृतक ओसी अख्तरका आमा रोक्साना खातुनले आलमविरुद्ध कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिएका थिए। आलम हाल ललितपुरको नख्खु कारागारमा छन्।






# चार धामलाई धार्मिक गन्तव्यका रूपमा विकास गर्न जोड

मुग्लिन । मनकामना देवी र सोहदर दिदीबहिनी मानिने गोरखाको त्रिवेणी, तनुहँको छिम्केश्वरी र चितवनको इच्छाकामनालाई समेटेर एकीकृत धार्मिक गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिइएको छ । चार धामलाई एकीकृत धार्मिक गन्तव्यका रूपमा विकास गर्नका लागि स्थानीय अगुवाहरूले अभियान नै सुरुवात गरेका हुन् ।

अभियानअन्तर्गत मङ्गलबार गोरखाको सहिद लखन गाउँपालिका-३ स्थित त्रिवेणी भगवतीदेवी मन्दिरको प्राङ्गणमा स्थानीय राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, मन्दिर समितिलगायतको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बागमती प्रदेशका सांसद कृष्णप्रसाद सिलवालले धार्मिक पर्यटकीय सम्भावना रहेका इच्छाकामना, त्रिवेणी र छिम्केश्वरीमाइ प्रचारप्रसारको अभावमा ओझेलमा परेका बताउनुभयो । मनकामनामा दैनिक दर्शौं हजार दर्शनार्थी पुग्ने गरे पनि प्रचारप्रसारको अभावमा कान्छी बहिनी त्रिवेणी भगवतीदेवीको मन्दिर ओझेलमा परेको बताउँदै उहाँले प्रचारप्रसारका लागि यस धार्मिकस्थलको बारेमा कलम चलाउन पत्रकारलाई आग्रह गर्नुभयो ।



धार्मिक गन्तव्य निर्माण गर्ने अभियान सुरु भएको जनाउँदै सिलवालले यसले सार्थकता आउन दर्शौं वर्ष लाग्ने बताउनुभयो । यी चार धामको भौतिक संरचना निर्माणका लागि परिकल्पनासहित योजना लिएर आउन आग्रह गर्दै उहाँले आफूले प्रदेश, केन्द्र सबै ठाउँमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

"हिन्दू धर्मालम्बीको प्राचीनग्रन्थ पुराणको हिमवत् खण्डमा उल्लेख भएअनुसार भगवान शिवले त्रिशूल रोप्दा मूल उत्पन्न भई सिर्जना भएका त्रिशूली, नदी र गणेश हिमालको काखबाट बगेको र ती सबै मर्स्याङ्दी नदीको पवित्र मिलन बिन्दु मुग्लिन बेनीमा रहेको छ", अभियानका संयोजक रामबहादुर लामाले भन्नुभयो । उहाँका अनुसार गोरखा जिल्लामा पर्ने प्रसिद्ध त्रिवेणी भगवती, मनकामना मन्दिर, चितवनको इच्छाकामना गाउँपालिकामा पर्ने इच्छाकामना मन्दिर र तनहुँको छिम्केश्वरी मन्दिरलाई एकआपसमा जोडी धार्मिक गन्तव्यका रूपमा विकास गर्नको लागि नागरिकस्तरबाट प्रयास चालिएको हो ।

चितवनको इच्छाकामना गाउँपालिकाका पूर्व उपाध्यक्ष कृतिकुमार श्रेष्ठले इच्छाकामना मन्दिरसम्म पुग्ने मोटरबाटो स्तरोन्नती, खानेपानीको व्यवस्था, मन्दिर निर्माणलगायत अन्य भौतिक संरचना निर्माण गरेपनि सोचे जस्तो दर्शनार्थी नआएको बताउनुभयो । उहाँले मनकामनामा आउने धार्मिक पर्यटकलाई इच्छाकामना, त्रिवेणी र छिम्केश्वरीसम्म पुऱ्याउनका लागि प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभयो ।

गोरखाको सहिद लखन गाउँपालिका-३ का वडाध्यक्ष दीपक पाण्डेले चार धामलाई धार्मिक गन्तव्यका रूपमा विकास गर्न प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले यस अभियानमा जनप्रतिनिधि, स्थानीय सबै लाग्नुपर्नेमा जोड दिनुभयो । त्रिवेणी मन्दिर संरक्षण समितिका अध्यक्ष सूर्य गुरुङ, इच्छाकामना मन्दिर संरक्षण समितिका अध्यक्ष रामप्रसाद बोहोरा, इच्छाकामना उद्योग वाणिज्य सङ्घ मुग्लिनका अध्यक्ष कल्याण गुभाजु, उद्योग वाणिज्य सङ्घ मनकामना बजार इकाइका अध्यक्ष हरि कुमार श्रेष्ठले तिनै तहका सरकारलाई धार्मिक गन्तव्यका रूपमा विकास गर्नका लागि दबाब सिर्जना गर्न आवश्यक बताउनुभएको थियो । यहाँका धार्मिक महत्वबारे प्रचारप्रसार गर्नुपर्नेमा उहाँहरूले जोड दिनुभएको थियो ।

मनकामनामा दैनिक दर्शौं हजार दर्शनार्थी पुग्ने गरेपनि कान्छी बहिनी त्रिवेणी भने ओझेलमा परेको सहभागीले बताएका छन् । त्रिवेणी भगवतीको जल अर्पण गरे पश्चात मात्र मनकामना देवीको पूजाको पूर्णता हुने धार्मिक परम्परा रहिआएको छ । वर्षको मुख्य गुठीपूजा गर्दा मनकामना मन्दिरमा त्रिवेणी देवीबाट लगेको जल अनिवार्य रूपमा अर्पण गर्ने गरिन्छ । मनकामना, त्रिवेणी, छिम्केश्वरी र इच्छाकामना दिदीबहिनी रहेको किंवदन्ती छ ।

# निकुञ्जको सुरक्षामा कडाइ

चितवन । चितवन राष्ट्रिय निकुञ्जले चाडपर्वका समयमा चोरीसिकारी हुनसक्ने जनाउँदै सुरक्षा व्यवस्थामा कडाइ गरेको छ । निकुञ्जले चाडपर्वमा विशेष सुरक्षा व्यवस्था मिलाएको हो । तिहार, छठ जस्ता पर्वको समयमासमेत सुरक्षामा कडाइ गरिने निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले बताउनुभयो ।



निकुञ्जमा डुङ्गा गस्तीको सङ्ख्या थप गरिएको छ । तत्काल परिचालन हुनका लागि विशेष टोली तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो । निकुञ्जको ६७ वटा सुरक्षा पोष्टमा नेपाली सेना, निकुञ्ज कर्मचारी तथा अन्य सुरक्षा संयन्त्रले काम गरिराखेको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो ।

"न्यसैगरी हात्तीमा गस्ती, घुमुवा गस्तीसहितको व्यवस्था मिलाएका छौँ" उहाँले भन्नुभयो, "कार्यालयमा अन्य कर्मचारी पनि आलोपालो गरी बिदामा जाने गरी व्यवस्था मिलाईएको छ ।"निकुञ्जमा पैदल, साइकल, जीप, हात्ती, डङ्गा लगायतबाट नियमित गस्ती गर्ने गरिन्छ । यसका अतिरिक्त रात बिताउने गरी संवेदनशील ठाउँमा गस्ती गर्ने गरिएको छ । यसलाई 'एम्बुस' नाम दिएर परिचालन गरिएको छ । निकुञ्जभित्र मानिसको चहलपहल धेरै हुने ठाउँमा लुकाएर क्यामरा राख्ने गरिएको छ ।

निकुञ्जका ठाउँठाउँमा सिसी क्यामरा र स्पाई क्यामरा राखिएको छ । निकुञ्जमा विश्वमा नै दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, नीलगाई, घडियाल गोही, हात्तीलगायतका जनावर रहेका छन् । पछिल्ला दिनमा जङ्गली धुवे हात्तीले माडी र भरतपुरका राप्ती नदी किनारका बस्तीमा दुःख दिन थालेपछि दुर्घटना नहोस् भन्नका लागि सजगता अपनाइएको उहाँले जानकारी दिनुभयो ।

निकुञ्ज र नेपाली सेनाका गाडीले हात्तीलाई निगरानी राखिएको छ भने उपभोक्ताले मध्यवर्ती क्षेत्रमा ट्याक्टरमार्फत् निगरानी गरिरहेका छन् । जसका कारण निकुञ्ज सुरक्षामा समेत सहयोग पुगेको छ । वर्षात र चाडपर्वको समयमा तस्कर सक्रिय हुनसक्ने भएकाले विशेष निगरानी गरिएको हो ।

**कलात्मक ढुङ्गेधारा निर्माण**

धार्मिक तीर्थस्थल देवघाट जाने बाटोमा कलात्मक ढुङ्गेधारा निर्माण गरिएको छ । भरतपुर महानगरपालिका-१ स्थित देवघाटधामको विश्रामस्थलमा निर्मित सो ढुङ्गेधारा देवघाटधाम आउने तीर्थालु र मलामीलाई लक्षित गरी निर्माण गरिएको हो ।

देवघाटमा शव लैजाँदा उक्त ठाउँमा शव रोकी पिण्ड दिने प्रचलन रहेको छ । पिण्ड दिन जल (पानी) आवश्यकपर्ने भएकाले उक्त ठाउँमा ढुङ्गेधारा निर्माण गरिएको हो । बागमती प्रदेश सरकारको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन हेटौँडाले भरतपुर महानगरपालिकासँगको सहकार्य सो ढुङ्गे धारा निर्माण गरेको हो ।

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले आज धाराको शुभारम्भ गर्दै भरतपुरमा पहिलो पटक ढुङ्गेधारा निर्माण भएको बताउनुभयो । खानेपानी तथा सरसफाइ डिभिजन हेटौँडाका प्रमुख हेमराम पौडेलका अनुसार चिसापानी मुहानबाट करिब ३ किमी भूमिगत पाइपबाट सो स्थानमा पानी ल्याइएको हो । भरतपुर महानगरपालिकाको सहकार्यमा बागमती प्रदेश सरकारले धारा निर्माणका लागि रु २१ लाख ५७ हजार खर्च भएको प्रमुख उहाँले बताउनुभयो ।

धारामा शुद्ध पानीको प्रबन्ध मिलाउन 'ट्रिटमेन्ट प्लान्ट' पनि निर्माण गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो । उक्त स्थानमा बाँदर लगायतका वन्यजन्तुकोसमेत बासस्थान रहेको छ । निरन्तर पानी बहने ढुङ्गे धारामा वन्यजन्तुलेसमेत पिउन सहज भएको छ ।रासस

# छानबिन गर्न माओवादी केन्द्रको माग

टुडे समाचारदाता

बारा । नेपाल कम्युनिष्ट माओवादी केन्द्र बाराले बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक रुपेश सर्राफ हत्याकाण्डको छानबिन गरी सत्यतथ्य पत्ता लगाइ अपराधीलाई कारबाही गर्नुपर्ने माग गरेको छ ।

बुधबार प्रेस विज्ञप्ति जारी गर्दै नेकपा माओवादी केन्द्र बाराले कार्तिक २३ गते सर्राफको दिउँसै गोली हानी हत्या गरिएको भन्दै उक्त घटनाप्रति घोर भर्त्सना गरेको छ ।


नेकपा माओवादी केन्द्रका बारा जिल्ला अभियान संयोजक प्रल्हाद बुढाथोकीले यथाशीघ्र घटनाको सत्यतथ्य छानविन गरी अपराधीलाई कडा कारबाही गर्न माग गरेका छन् ।

विज्ञप्तिमार्फत मृतक सर्राफप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदनासमेत प्रकट गरिएको छ ।

दिनदहाडै व्यस्त ठाउँमा मोटरसाइकलमा आएर गोली प्रहार गरी हत्या भएको घटनाले जिल्लाको शान्ति सुरक्षा र अमनचयनमासमेत गम्भीर चुनौती देखा परेको माओवादी केन्द्रको ठहर छ ।

# प्लास्टिकका फूल बिक्रीमा रोक

बलेवा । बागलुङ नगरपालिका-१ रामरेखाका भुवन बोहराको बगैँचामा थरीथरीका फूल फुलेका छन् । तिहार पर्खेर बसेका फूल भुवनले व्यावसायिक रूपमा उत्पादन गर्नुभएको हो ।



बजार र धार्मिक तीर्थस्थलहरु नजिकै रहेकाले तिहारका लागि मात्रै नभएर अन्य समयमा समेत बिक्री हुने अपेक्षाका साथ उहाँले फूलको व्यावसायिक उत्पादन थाल्नुभएको हो । जिल्लामा यसरी व्यावसायिक रूपमा फूलको उत्पादन गर्नेहरु निकै कम छन् ।

तिहार नजिकिँदै गर्दा फूलले बजार नपाउला कि भन्ने चिन्ता नरहेको बोहराले बताउनुभयो । बागलुङ नगरपालिकाले प्लास्टिक र आयातित फूलको प्रयोगलाई रोक लगाउँदै स्थानीय उत्पादनलाई प्राथमिकता दिने निर्णय गरेपछि बजारको चिन्ता हटेको उहाँको भनाइ थियो ।

"तिहारका लागि स्थानीय रूपमा उत्पादन हुने फूल पर्याप्त हुन्छ । यहाँका हरेक घरमा थरीथरीका फूल फुल्छन् । पछिल्लो समय गाउँघरमा प्राकृतिक रूपमा फुल्ने फूलहरुको प्रयोगमा कमी आउन थालेको छ", बोहराले भन्नुभयो, "बजारमा विदेशी बजारबाट आउने र प्लास्टिकका फूलले प्राकृतिक फूलको महत्व बिर्साएको छ ।" प्लास्टिक र आयातित फूलकै कारण पुष्प व्यवसायमा कसैले हात नहाल्ने उहाँको भनाइ थियो ।

गाउँको तुलनामा सदरमुकाम तथा बजार क्षेत्रमा प्लास्टिकका फूल बढी खपत हुने गरेको थियो । यस वर्ष बागलुङ नगरपालिकाले प्लास्टिकका फूल निषेध गरेको छ । प्लास्टिकका फूलमाला बिक्री वितरणमा रोक लगाएर स्थानीय व्यवसायीले उत्पादन गरेका फूललाई प्राथमिकता दिइएको नगर उपप्रमुख राजु खड्काले बताउनुभयो । नगरपालिकाको उपभोक्ता हित संरक्षण समितिको बैठकले बागलुङ नगरभित्र प्लास्टिकजन्य फूलको कारोबारमा रोक लगाउने निर्णय गरेको थियो । "जिल्ला प्रशासन, उपभोक्ता मञ्चलगायत सरोकारवालासँग मिलेर निर्णय कार्यान्वयनका लागि अनुगमनसमेत सुरु गरेका छौँ", उहाँले भन्नुभयो, "आयात रोक्ने र प्राकृतिक वस्तुको उपयोग बढाउन यो निर्णय गरेका हौँ। यसबाट प्लास्टिकका फूलको खरिदमा बाहिरिने ठूलो रकम स्थानीयस्तरमा खर्च हुन्छ।"

प्लास्टिकजन्य फूलमालाका कारण वातावरणमा पार्ने असर रोक्नका साथै स्थानीय फूल उत्पादनलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ बिक्री वितरणमा रोक लगाइएको खड्काको भनाइ थियो । बजारमा प्लास्टिकका फूलको कारोबार भएको पाइए कारबाही गरिने नगरपालिकाले जनाएको छ । रासस

# उपराष्ट्रपति यादवसँग चिनियाँ प्रतिनिधिमण्डलको भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग चिनियाँ कम्युनिष्ट पार्टी तिब्बत स्वशासित क्षेत्रका सचिव वाङ जुनझेङको नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ। लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा बुधबार भएको भेटमा उहाँहरूबीच नेपाल र चीन सम्बन्धका विविध आयामबारे छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ।

सो अवसरमा उपराष्ट्रपति यादवले तिब्बत स्वशासित क्षेत्र नेपाल र चीनबीचको व्यापार, पर्यटन, संस्कृति र अन्य हितका क्षेत्रमा द्विपक्षीय अन्तरक्रियाको प्रवेशद्वार भएको उल्लेख गर्दै जुनझेङ नेतृत्वको प्रतिनिधिमण्डलको नेपाल भ्रमणले दुई देशबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

"हालै जाजरकोट र रुकुमपश्चिममा गएको विनाशकारी भूकम्पले सयौँको ज्यान जानुको साथै भौतिक पूर्वाधार र सम्पत्तिमा क्षति पुऱ्याएको छ । यस दुःखद् घडीमा साथ दिएकामा म चीन सरकार र जनताको प्रशंसा गर्न चाहन्छु", भेटमा उहाँले भन्नुभयो, "यस कठिन समयमा जनवादी जनतन्त्र चीन सरकारले प्रदान गरेको सहयोगका लागि म आभार प्रकट गर्दछु ।"

भेटमा चिनियाँ कम्युनिष्ट पार्टी तिब्बत स्वशासित क्षेत्रका सचिव जुनझेङले आफ्नो भ्रमण नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमणका क्रममा भएको समझदारी कार्यान्वयन गर्ने उद्देश्यले भएको बताउनुभएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ । उहाँले केही दिनअघिको भूकम्पमा परी निधन भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पुनःनिर्माणमा चीन सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# मजदुरको मृत्यु

**टुडे समाचारदाता**

कलैया । बाराको सिमरा स्थित जगदम्बा स्टिल भित्र लहरी टुक्रले किच्दा बुधबार एक मजदुरको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिकाको सिमराका २३ वर्षीय उज्जवल कार्की रहेका छन् ।

सरसफाइकर्मी रहेका कार्की एक जना साथीसँगै टुक्रनजिकै रहेको अवस्थामा प्रदेश ०२-०३ -००१ ख ५९६ नम्बरको लहरी टुक्रले किचेर उनको मृत्यु भएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ ।

चालक र टुक्रलाई नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए । सामाजिक सञ्जालमा सार्वजनिक सिसिटिभी फुटेजमा कार्की साथीसँग कुरा गरिरहेको बेलामा गाडीका चालकले अचानक गाडी अगाडि बढाएको थिए ।

# न्यायाधीशको रोलक्रमको फेरबदलप्रति बारको आपत्ति

काठमाण्डु । नेपाल बार एसोसिएसनले न्यायाधीशको रोलक्रमको फेरबदलबाट न्यायकर्मीहरूलाई अपमानित गरेकामा आपत्ति जनाउँदै त्यसलाई सच्च्याउन न्यायपरिषद् समक्ष आग्रह गरेको छ । परिषद्का अध्यक्ष एवं प्रधानन्यायाधीशलाई बारले बुधबार पुनः रोलक्रमको फेरबदल सम्बन्धमा धानाकर्षणपत्र बुझाउँदै न्यायपालिकाको सुदृढीकरण गर्ने महत्वपूर्ण जिम्मेवारी भएको परिषद्ले केही व्यक्तिलाई मात्र फाइदा पुग्नेगरी गरिएको संशोधन अमान्य भएको जनाएको छ ।

बारले गत आसोज २ गते गरेको निर्णयबारे प्रधानन्यायाधीशको ध्यानाकर्षण गराइँदै स्मरण गराउँदै सच्च्याउन माग गरेको छ । बारले २०८० असोज १ गते नेपाल राजपत्रमा प्रकाशित न्याय परिषद्को सूचनाद्वारा सार्वजनिक गरिएको न्यायाधीशको रोलक्रम सम्बन्धमा जारी भएको न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) प्रति बिमती जनाएको छ । बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा उक्त संशोधनले नेपालको संविधानको धारा १४१ (३), प्रचलित कानुन र न्यायका मान्य सिद्धान्तसँग प्रत्यक्षरूपमा बाझिन गएको छ र यो संशोधन पश्चगामी, विभेदपूर्ण, पूर्वाग्रही र स्वेच्छाचारी रहेको हुँदा खारेज गर्न माग गरिएको छ । रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथुन | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१७८९३३३४ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६१, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४०० बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# न्यायको प्रतिक्षामा रामआशिष



जनकपुरधाम । धनुषाको हंसपुर नगरपालिका-४ मणिपट्टिका ७० वर्षीय रामआशिष दास अवकाशप्राप्त शिक्षक हुनुहुन्छ । उहाँ दश वर्षअघि माध्यमिक विद्यालय शिक्षकबाट अवकाश हुनुभएको हो । दासले अवकाश हुँदा प्राप्त रकमबाट जनकपुरधाम-१६ पुल्चोकमा किराना पसल सञ्चालन गरी त्यसैबाट जीविकोपार्जन गर्दै आउनुभएको छ।

विसं २०८० वैशाख २४ गतेसम्म दासको व्यवसाय र समय ठीकठाक चलिरहेको थियो । तर गत वैशाख २५ गते भने उहाँले अप्रत्यासित घटना सामना गर्नुपर्यो । राति ९ बजेको समयमा उहाँ फिल्मीशैलीमा कुटपिट र लुटपाटमा पर्नुभयो । सो रात दाससँग भएको रु एक लाख ५१ हजार नगद लुटपाट भयो । साथै उहाँलाई १५-२० वटा कागजको पानामा औँठा छाप लगाइयो । स्थानीयले खबर गरेपछि प्रहरी घटनास्थलमा पुगेर उद्धार गर्यो ।

"राति ९ बजेको थियो, म पसल बन्द गरेर घर जाँदै थिए, नकाबधारी समूहले फिल्मीशैलीमा सडकमै कुटपिट गरी नगद लुटपाट गरे", दासले भन्नुभयो, "नकाबधारीले पेस्तोल, फलामे रड र लट्ठी बोकेका थिए । मैले रामविलास दास र इन्द्र दासलाई मात्र ठम्याउन सके । उनीहरूले रोडभन्दा दुई सय मिटरजति उत्तरतर्फ खेतमा लगेर लुटपाट र कुटपिट गरे । कागजमा मेरो औँठा छाप लगाएर भागे । यो सबै घटना प्रहरीलाई थाहा छ ।"


घटना भएको छ महिना पूरा हुँदैछ । अहिलेसम्म दासको जाहेरी दर्ता भएको छैन । लुटपाटको भोलिपल्ट अर्थात् गत वैशाख २६ गते कपिलेश्वर प्रहरी चौकी र वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय धनुषामा घटनाबारे जाहेरी दर्ता गराउन पुगे पनि पहिले घटनाबारे बुझ्छौं अनि दर्ता गरौंला भनेर त्यहाँबाट फर्काइएको दासले बताउनुभयो ।

मङ्गलबार पत्रकार सम्मेलन गरी दासले गुनासो गर्नुभयो, "मेरो जाहेरीको विषयमा प्रहरीसित पटक-पटक जानकारी लिन खोजेँ । तर बुझ्दैछौँ भनेर आलटाल गर्ने गरेका छन् । गत साउन २१ गते जनकपुरधामस्थित जिल्ला सरकारी वकिल कार्यालयलाई निवेदन दिएको छु । सो कार्यालयको चलानी नं ३२१ पत्रसहित हुलाकमार्फत जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी पठाएको थिएँ । तर कुनै सुनुवाइ भएको छैन ।"

करिब २० वटा कागजमा औँठा छाप लगाइएकामा एउटा कागज भने मिटरब्याजी शैलीमा रकम लिएको भनेर सार्वजनिक भएपछि आफू जालसाझीको सिकार भएको र त्यो विषय जानकारी गराउँदा पनि प्रहरीले सहयोग नगरेको दासको गुनासो छ । सार्वजनिक भएको सो कागजमा घटना घटेको छ वर्ष पुरानो मिति राखेर अर्थात् विसं २०७४ माघ १४ गते दासले महोत्तरीको लोहरपट्टी-५ का ४२ वर्षीय अशोककुमार ठाकुरबाट सयकडा १० प्रतिशत ब्याजमा रु बीस लाख ऋण लिएको उल्लेख छ।

"बीसवटा कागजमा औँठा छाप गरिएकामा एउटा मात्र सार्वजनिक भएको छ । त्यसपछि म निकै विक्षिप्त छु, बाँकी कागज सार्वजनिक हुन बाँकी नै छ", दासले भन्नुभयो, "साहु भनिएका ठाकुरले ऋण असुलउपर गरिपाउ भनी कानुनी उपचारमा गएको जानकारी पाएको छु । अब भोलिपर्सी अरु कागज पनि आउलान् । म प्रधानाध्यापकबाट अवकाश पाएको व्यक्ति, यति ठूलो रकम कहिल्यै कसैसँग ऋण लिएको छैन । वृद्धावस्थामा दुःख पाए । कारण बुझ्न प्रहरीलाई गुहारेको थिएँ । तर न्याय पाइनँ । अब हदम्यादभित्रै अदालत जान्छु ।" रासस

# सिर्सिया नदी प्रदुषित गर्ने उद्योगलाई जरिवाना



वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले सिर्सिया नदी प्रदुषण गर्ने एक उद्योगलाई रु. ३० हजार जरिवाना गरेको छ।

प्रदूषित पानी सिर्सिया नदीमा फालेर फोहरसमेत गरेको भन्दै परवानीपुरस्थित सिद्धि टेक्साइल प्रालिलाई सो जरिवाना गरिएको महानगरपालिकाको सरसफाइ शाखा प्रमुख सर्फुदिन मियाँले जानकारी दिनुभयो ।

यसअघि सिर्सिया नदी प्रदुषणमा मुख्य जिम्मेवार देखिएको भन्दै महानगरपालिकाले पाँच उद्योगलाई पटक पटक चेतावनी दिँदा पनि प्रदुषण गर्न नछाडेकाले रु.तीन/तीन लाखका दरले जरिबाना गरेको थियो । उद्योगबाट निस्कने रसायनसहितको लेदो तथा फोहोर पानी सोझै नदीमा मिसाउँदा नदी दुर्गन्धित र प्रदुषित भएको थियो । महानगरको निरन्तर अनुगमनपछि ग्लोबल लेदर, मारुती पल्स एण्ड पेपर, दुर्गा पल्स एण्ड पेपर र सिद्धी टेक्सटायल्सले भने अझै अटेर गरेको भेटिएको महानगरद्वारा गठित सिर्सिया नदी प्रदुषण नियन्त्रण समितिले जनाएको छ ।

यसैबीच पर्सा-बारा करिडोरका दुई उद्योगले ट्रिटमेन्ट प्लान्ट बनाउन सुरु गरेका छन् । महानगरपालिकाले निरन्तर अनुगमन र कारबाही गर्न थालेपछि प्रदुषण नियन्त्रणका लागि निस्कने रसायनयुक्त लेदो तथा फोहोर व्यवस्थापन गर्न उद्योगीहरूले ट्रिटमेन्ट प्लान्ट बनाउन सुरु गरेका हुन् । सिर्सिया नदी प्रदुषणमुक्त बनाउन नदीको आसपासका उद्योगहरू नै मुख्य जिम्मेवार देखिएकाले तत्काल फोहोर पानी सोझै नदीमा मिसाउन बन्द नगरे कारबाहीसँगै उद्योगमा शीलबन्दी गरिने महानगरप्रमुख राजेशमान सिंहले चेतावनी दिएपछि उद्योगीहरू ट्रिटमेन्ट प्लान्ट बनाउन तयार भएका हुन् ।

अहिले मरियम लेदर उद्योग र अरनिकोटेक्सटायल्सलेअत्याधुनिक ट्रिटमेन्ट प्लान्ट बनाउने काम अघि बढाइसकेको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिनुभयो ।रासस

# सामाजिक सद्भाव र एकताका निम्ति एमालेको अभियान

काठमाण्डु । सामाजिक सद्भाव र एकतालाई बलियो बनाउने उद्देश्यले नेकपा( एमाले)ले मङ्सिर १४ गतेदेखि बैतडीको झुलाघाटबाट मध्यपहाडी लोकमार्गकेन्द्रित 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा' गर्ने भएको छ।

एमालेको बुधबारको सचिवालय बैठकले राष्ट्रिय एकताको सवल आधार निर्माण गर्ने उद्देश्यले १५ दिने अभियान आयोजना गर्ने निर्णय भएको उपमहासचिव प्रदीप ज्ञवालीले राससलाई बताउनुभयो । अभियान बैतडीको झुलजवाघाटबाट मध्यपहाडी लोकमार्गकेन्द्रित हुनेछ । बैतडीको झुलाघाटमा पार्टी अध्यक्ष केपी ओलीले राष्ट्रिय झण्डा फहराएर अभियानको प्रारम्भ गर्ने कार्यक्रम रहेको छ।

उपमहासचिव ज्ञवालीले अभियानबाट पहाडबाट भइरहेको तीव्र बसाइँसराइँका कारणको पहिचान र समाधानको खोजी, सामाजिक सद्भाव र राष्ट्रिय एकताको प्रवर्द्धनमा सहयोग, पार्टी स्थापनाको ७५औँ वर्ष समारोहमा संस्थापक महासचिव पुष्पलालको स्मृतिमा निर्मित लोकमार्ग केन्द्रित अभियानबाट इतिहास र अग्रजहरूको सम्मान, राष्ट्र सबल र समृद्ध बन्छ भन्ने आत्मविश्वासमा अभिवृद्धि, जनसम्बन्ध विस्तार र जनगुनासो एवं जनताका सुझाव सङ्कलन र स्थानीय सम्बन्ध तथा राष्ट्रिय सन्देश मिल्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# उच्च अदालतको आदेश : पोखराको लेकसाइड २४ घण्टा खोल्न दिनु



कास्की । उच्च अदालत पोखराले पोखराको पर्यटकीय क्षेत्र लेकसाइडलाई २४ घण्टानै खुला गर्न दिन अल्पकालीन आदेश दिएको छ । उच्चका कायममुकायम मुख्य न्यायाधीश राजनप्रसाद भट्टराईको एकल इजलासले बुधबार लेकसाइडमा भएका व्यापार व्यवसाय निरन्तर खोल्न दिन जिल्ला प्रशासन कार्यालय कास्कीलाई अन्तरिम आदेश दिएको हो ।

यसअघि व्यापार, व्यवसाय सञ्चालनमा रोक नलगाउन मागसहित स्थानीय देवीकुमारी बरालले अदालतमा निवेदन दिनुभएको थियो। बरालले दिएको रिट निवेदनउपरमा बहसपछि अदालतले अन्तिम निर्णय नहुञ्जेलसम्मका लागि कानुनविपरीतको कार्य भएको अवस्थामा बाहेक कानुनबमोजिम व्यापार व्यवसाय गर्न रोक्ने, रोक्न लगाउने कार्य नगर्न इजलासबाट आदेश भएको अदालतका उपरजिष्ट्रार एवं सूचना अधिकारी विश्वनाथ अर्यालले जानकारी दिनुभयो । अर्यालका अनुसार निवेदकलाई कानुनबमोजिम व्यापार व्यवसाय गर्न रोक्ने, रोक्न लगाउने कार्य नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ बमोजिम विपक्षीका नाममा अन्तरिम आदेश गरिएको हो।

अदालतले निवेदन मागअनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवं प्रमाणसहित म्याद सूचना भएको मितिले १५ दिनभित्र विपक्षीका हकमा उच्च सरकारी वकिल कार्यालय पोखरामार्फत, लिखित जवाफ पेस गर्न विपक्षीलाई आग्रह गरेको छ । रिटमा निवदेकले गृह प्रशासन सुधार कार्ययोजना २०७४ को बुँदा नम्बर २५ मा ठमेल, दरबारमार्ग,पोखराकोलेकसाइडजस्ता पर्यटकको आवागमन बढी हुने क्षेत्रहरुमा २४ घण्टा बजार खुला रहने गरी आवश्यक सुरक्षाको प्रबन्ध गरिने छ भन्ने व्यवस्था भएको दाबी थियो।

यसअघि रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता मोहननाथ कोइराला, अधिवक्ता त्रय शिवराज वाग्ले, दीपक पराजुली र दिनेश आचार्यले पक्षमा बहस गर्नुभएको थियो। रासस

# राष्ट्रपतिद्वारा घाइतेको उपचारमा ध्यान दिन आग्रह

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले जाजरकोट भूकम्पमा परी घाइतेभएकाहरूको उपचारमा ध्यान दिन आग्रह गर्नुभएको छ।

राष्ट्रपति भवन शीतलमा आज स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई भेटेर उहाँले राजधानीलगायत देशका विभिन्न अस्पतालमा उपचाररत घाइतेहरूप्रति ध्यान दिन तथा प्रभावकारी उपचारको व्यवस्था गर्न आग्रह गर्नुभएको राष्ट्रपतिको निजी सचिवालयले जनाएको छ।

राष्ट्रपति पौडेलले घाइतेको उपचार प्रक्रियालाई सहज एवं प्रभावकारी बनाउन, उनीहरूको उपचारमा संवेदनशील बन्न सरकारको तर्फबाट हरसम्भव प्रयास हुनुपर्नेमा जोड दिनुभएको थियो।

जाडोयामको प्रारम्भ अन्य रोगको प्रकोप बढ्नसक्ने भएकाले त्यसतर्फ पनि चनाखो हुन राष्ट्रपतिले मन्त्री बस्नेतको ध्यानाकर्षण गराउनुभएको थियो रासस

# महासङ्घको राहत सामग्री गृहको विपद् व्यवस्थापन समितिमार्फत

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घले गृह मन्त्रालयको विपद् व्यवस्थापन समितिमार्फत तेस्रो चरणको राहत सामग्री हस्तान्तरण गरेको छ।

महासङ्घले म्याट्रेस, टेन्ट, खाद्यान्न, लत्ता कपडा, औषधि, पानीसहितका राहत सामग्री प्रभावित क्षेत्रमा समितिमार्फत बुधबार हस्तान्तरण गरेको हो। यसैगरी अन्य सङ्घसंस्थामार्फत सङ्कलित राहत सामग्रीलाई महासङ्घले सरकारको आग्रहमा ढुवानीमा सहजीकरण पनि गरिरहेको छ।

महासङ्घले आफ्ना सबै सदस्य उद्योग वाणिज्य सङ्घ, उद्यमी व्यवसायी र व्यवसायिक सङ्घ संस्थालाई उद्धार र राहतमा सहयोग गर्न आव्हान गरिसकेको छ । महासङ्घको आव्हानमा देशभरका उद्योगी, व्यवसायी एवं शाखाबाट सहयोग आउने क्रम जारी छ। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महासङ्घले मुलुक विपतमा परेका बखत सधै अग्रभागमा रहेर सहयोग प्रदान गर्दै आएको छ । शुक्रवार राती जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पबाट पीडित जनताका लागि महासङ्घद्वारा राहत सामग्री पठाउने क्रम निरन्तर जारी छ । हालसम्म महासङ्घले करिब रु २२ लाख बराबरको राहत सामग्री हस्तान्तरण गरिसकेको छ।

महासङ्घ कर्णाली शाखामार्फत कात्तिक १७ गते पहिलो चरणको राहत सामग्री हस्तान्तरण गरिएको थियो । कर्णाली शाखामार्फत नै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको समुपस्थितिमा दोस्रो चरणको राहत सामग्री मङ्गलबार हस्तान्तरण गरिएको महासङ्घले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ। रासस

# स्रोत नखुलेको २६ लाखसहित दुई जना पक्राउ

काठमाण्डु । काठमाडौं महानगरपालिका-२४ इन्द्रचोकबाट स्रोत नखुलेको नगद रु २६ लाख ५७ हजारसहित दुई जनालाई मङ्गलबार दिउँसो प्रहरीले पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा बर्दिया गेरूवा गाउँपालिका-२ घर भई हाल काठमाडौं जडिबुटी बस्ने २८ वर्षीय पुष्प सोडारी र काठमाडौं महानगरपालिका-१० बिजुलीबजार बस्ने ३९ वर्षीय अभिषेक अग्रवाल रहेका छन्। प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले सोडारीलाई सो रकमसहित पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ । उक्त रकम अभिषेकबाट लिएको भनी खुल्न आएपछि उनलाई समेत प्रहरीले पक्राउ गरेको हो।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

**मृत अवस्थामा फेला**

यसैबीच काठमाडौं महानगरपालिका-११ थापाथलीस्थित सडक पेटीमा रहेको ह्विलचेयरमा रौतहट चन्द्रपुर नगरपालिका-२ वेताउना घर भई हाल काठमाडौं थापाथली बस्ने ३५ वर्षीय नारायण राम मङ्गलबार मृत अवस्थामा फेला परेका छन्।

बर्दिया, बाँसगढी नगरपालिका-२ रामनगर टोल बस्ने ४१ वर्षीय रामभागीरथ थारू सोही ठाउँस्थित खेतमा मङ्गलबार मृत अवस्थामा फेला परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। जङ्गली जनावरको लागि थापेको विद्युतीय धरापमा परी करेन्ट लागि मृत्यु भएको भन्ने बुझिएको प्रहरी समाचार बुलेटिनमा उल्लेख छ ।रासस


## देवाही गोनाही नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
प्रेमपुर गोनाही, रौतहट
मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी पदपुर्तिको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०८०/०७/२३

स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११(२) क बमोजिमको व्यस्थापनको लागि नगर प्रहरी कार्मचारीहरुको करारमा पदपुर्ति गर्नु पर्ने आवश्यक भएकोले योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले २८ (अठाईस) दिन भित्र आफ्नो विवरण यस नगरपालिका द्वारा निर्धारित दरखास्त फाराममा संलग्न गरी राजश्व तिरेको बैंक भौचर सहित यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।


| क्र. सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | न्युन्तम शैक्षिक योग्यता/अनुभवन | पद संख्या | परिक्षा दस्तुर | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १. | २१/०८०/०८१ | नगर प्रहरी ईन्चार्ज | सहायक स्तर चौथो | नेपाल प्रहरी, शसत्र प्रहरी तथा नेपाली सेनाको तहबाट सेवा अवकाश प्राप्त वा कम्तिमा ५ वर्ष सेवा गरी सेवाबाट अलग भएका | १ एक | ५००।- | लिखित, प्रयोगात्मक र अन्तर्वाता |
| २. | २२/०८०/०८१ | नगर प्रहरी हवल्दार | सहायक स्तर तेस्रो | नेपाल प्रहरी, शसत्र प्रहरी तथा नेपाली सेनाको तहबाट सेवा अवकाश प्राप्त वा कम्तिमा ५ वर्ष सेवा गरी सेवाबाट अलग भएका | १ एक | ५००।- | लिखित, प्रयोगात्मक र अन्तर्वाता |
| ३. | २३/०८०/०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | कक्षा ८ उतिर्ण गरेको वा सो सरह | १० दश | ५००।- | लिखित, प्रयोगात्मक र अन्तर्वाता |

१. **दरखास्त दिने स्थान**:- देवाही गोनाही नगरपालिका कार्यालय, प्रेमपुर गोनाही, रौतहट
२. **दरखास्त दिने अन्तिम मिति**:- २०८०/०८/१४ र दोब्ब दस्तुर मिति २०८०/०८/२२ गते सम्म
३. **छनौटको किसिम**:- देवाही गोनाही नगरपालिका सेवा करारमा कर्मचारी सम्बन्धि व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम छनौट समितिले निर्धारण गरेको मापदण्ड एवं,कार्यविधि बमोजिम हुनेछ,
४. **परिक्षाको किसिम**:- लिखित, अन्तर्वार्ता र शारिरिक परिक्षण
५. **उमेर**:- नगर प्रहरी जवानको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, तथा नगर प्रहरी ईन्चार्ज र नगर प्रहरी हवल्दारको हकमा ४५ वर्ष ननाघेको,
६. **सेवा सुविधा**:- नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ, नगर पालिकाको आन्तरिक स्रोतबाट
७. **सेवा करार**:- २०८१असार मसान्त सम्म ।
८. **दाबी नपुग्ने**:- करारमा काम गरेको आधारमा पछि कुनै किसिमको पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन।
९. **बन्देज**:- प्रचलित कानुन बमोजिम अयोग्य नभएको
१०. **आवेदन साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु** :- आवदेकले स्वयम प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपी।
   क) नेपाली नागरिकता
   ख) न्युन्तम योग्यताका लागि लब्धाङ्क पत्र
   ग) चारित्रिक प्रमाण पत्र
   घ) अनुभवन खुल्ने कागजात
   ङ) २ प्रति पासपोर्ट साईजको फोटो
   च) प्रहरी रिपोट
   ज) अनुभव खुल्ने प्रमाण पत्र
   झ) निरोगिताको प्रमाण पत्र
११. **राजस्व जम्मा गर्ने बैंक**:- नबिल बैंकको ग.१.१. आन्तरिक राजस्व खाता नं. २२९०१०१७५०००००६ (परिक्षा शुल्क राजस्व शिर्षक नं.१४२२४)
१२. **परिक्षा मिति र सम्पर्क मिति**:- पछि प्रकाशन गरिनेछ।
१३. देवाही गोनाही नगरपालिकाको मिति २०७९/०६/११ गतेका दिन प्रकाशित सुचना करार कर्मचारीको विज्ञापनमा उल्लेखित पदहरु यस सुचनामा आवेदन फारम भरेकोलाई समेत प्राथमिकता दिईनेछ।

**नोट** :-

| क्र.सं. | विवरण | योग्यता | कैफियत |
|---|---|---|---|
| १. | उचाई | पुरुषको हकमा ५ फिट २ ईन्च तथा महिलाको हकमा ५ फिट | |
| २. | छातिको चौडाई | ३१ देखि ३३ ईन्च सम्म | |
| ३. | तौल | पुरुषको हकमा ५० के.जी. तथा महिलाको हकमा ४२ के.जी. | |
| ४. | आँखा | माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको | |

प्रमुख प्रशासकीय अधिकृत



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अर्थतन्त्र नियन्त्रण जरुरी

जनकपुरधामसहित मधेश प्रदेशका बजारमा मान्छेको चहल पहल देखिए पनि व्यवसाय भने अस्थिरताको बाटोमा छ । कोरोना कालमा पनि यतिको समस्या नभेलेका व्यवसायीहरु भने अहिले ग्राहकको पर्खाइमै दिन बिताउने दिनचर्या बनेको छ। राष्ट्र बैंकले ऋण सम्बन्धी ल्याएको प्रावधानले व्यापारीहरु समस्यामै रहेका बेला सरकारले मिटर ब्याजी सम्बन्धी ल्याएको ऐनलेसमेत बजार व्यवसायमा प्रभाव देखिन्छ । गाउँघरबाट जनकपुरधामलगायत सदरमुकाम लगायतका बजारमा आउन छाडेपछि यहाँका बजार व्यवसाय धरासायी हुने अवस्थामा पुगेको छ । कम्पनीहरुले उधारोमा सामान दिन मान्दैनन्, व्यापारीले आम जनतालाई उधारोमा सामान बेच्दैन, त्यो समस्या आउनुको मुख्य कारण नै बैंकले ऋण दिनुमा गरेको आनाकानी हो । बैंकहरुले ७ प्रतिशतबाट १४ प्रतिशतसम्म ब्याज बढाए व्यापारी भने करको कर तिर्नमै आफ्नो चालु पुँजीसमेत गुमाएका छन् । जनकपुरधाम, वीरगञ्ज, सिरहा, राजविराजलगायतका स्थानहरुका व्यापारीहरु वैदेशिक रोजगारमा जान बाध्य छन् । बजार व्यवसाय चलेको छैन् घर भाडा महँगो, बैंकबाट लिएको ऋणको ब्याजदर दोब्बर भइसक्दा उनीहरु बैंकको ब्याजसमेत तिर्न नसक्ने अवस्था आएपछि बाध्यतावस वैदेशिक रोजगारमा जानुपरेको छ । व्यापारीहरु १० प्रतिशत भन्दा बढीको मार्जिन राखेर व्यापार गर्ने गरेका हुन्छन् । कुनै कुनै सामग्रीमा मात्रै त्यो भन्दा बढी हुन्छ । बैंकको ७ प्रतिशत ऋण तिरेर ३ प्रतिशतसम्म कमाइ हुने गरेको थियो तर बैंकले ब्याज दरलाई १४ प्रतिशतमा पुर्‍याउँदा यहाँका व्यापारीहरुलाई भने समस्या भोग्नु परेको छ । १४ प्रतिशत ब्याज तिर्दा ३ प्रतिशत मार्जिन राख्दा १७ प्रतिशतमा बेच्नु पर्छ त्यो भन्दा धेरै सस्तोमा सीमावर्ती क्षेत्रको बजारमा सामान उपलब्ध हुने गरेका छन् । यहाँका उपभोक्ताहरु सीमावर्ती बजारमा गएर सरसामान खरिद गर्ने गरेका कारण पनि यहाँका व्यापारीले भने समस्या खेप्नु परेको छ । सरकारले बैंकको ब्याज दरमा जबसम्म नियन्त्रण गर्दैन तबसम्म यहाँका व्यावसायीहरुलाई समस्या खेप्नु नै पर्ने हुन्छ । व्यापारीहरुलाई वैदेशिक रोजगारको यात्रा गर्नु नै पर्छ ।

महासचिवको नेपाल भ्रमण…

# आउंदोकोप २८ द्वारा प्राकृतिक प्रकोपमा भुकम्प समावेश हुनुपर्छ

**उदय कुमार यादव**

नेपालको संयुक्त राष्ट्रसंघमा सदस्यताको मुल रुपमा मुख्य तीन उदेश्य छन् ।पहिलो भनेको हामी संयुक्तसंघमार्फत् हाम्रो स्वतन्त्र अन्तराष्ट्रिय छवि प्रक्षेपण गर्न चाहन्छौ।दोस्रो, हाम्रो स्वतन्त्र अस्तित्वमा कतैबाट खतरा आएमा त्यसमा संयुक्त राष्ट्रसंघ सक्रियता साथ आगाडि आवस् र त्यो खतरा टार्न सहयोगी होस् भन्ने आशा गर्छौं । अनि तेश्रो, हामी संयुक्त राष्ट्रसंघको विश्व शान्ति प्रयासमा शान्ति सेना पठाएर आफ्नो औकात अनुसारको प्रभावकारिता देखाउन चाहन्छौ ।सुंयुक्त राष्ट्रसंघको प्रस्तावना वाक्यमा भने अनुसार विश्व शान्ति नै यसको पहिलो उदेश्य हो । नेपालले पनि सन् १९५८ देखि नै संयुक्त राष्ट्रसंघको शान्ति मिशनमा भाग लिदैं आएको छ र सन् १९७८देखि निरन्तर नै सक्रिय रहेको देखिन्छ ।

प्रधानमन्त्रीको निमन्त्रणामा सप्ताहव्यापी भ्रमणमा रहेका युरोपेली यूनियन, संयुक्त राष्ट्रसंघका महासचिव न्यूटेनियो गुटेरेसका प्रमुख लक्ष्य तीन विषयमा केन्द्रित रहेको तथ्य विभिन्न राष्टियू तथा अन्तराष्ट्रिय मेडियाबाट हामीलाई जानकारीमा आएको छ । ति प्रमुख केन्द्रित विषय के के हुन त?विश्वमा नै शान्तिको देश नेपाल रहेकाले सर्वप्रथम् शान्ति प्रकृयालाई एकदम् तदरुकताकासाथ टुंगोमा पुर्‍याउने, जलवायु परिवर्तनका जटीलता तथा खतराबाट जोगिने अन्तराष्ट्रिय पहल र नेपालको सामाजिक तथा आर्थिक रुपान्तरणका चासो आदि प्रमुख विषयलाई लिएर महासचिवको नेपाल भ्रमण अति महत्वपूर्ण हुनुका साथै ज्यादै सान्दर्भिक पनि रहेको तथ्य प्रमाणित भएको दखिएको छ ।

यसरी सर्वप्रथम् चर्चा गरौं पहिलो लक्ष्य शान्ति प्रकृया टुंगो लगाउने सम्बन्धि, वास्तवमा नेपालको इतिहासमा आमुल परिवर्तन आएकै हो । संबैधानिक राजतन्त्र पछि जनताको बलिदानीले गर्दा नै गणतन्त्र संभव भयो । यो एक प्रकारले जनताकै आकंक्षा थियो । एक दशक भन्दा बढि जनयुद्ध चल्यो ।कतिले सहादत प्राप्त गरे । तत्पश्चात् बारह बुन्दे शान्तिप्रकृया लागुहुने गरी सरकारबीच अनि आन्दोलनकारी बीच सहमति भए । सहमतीय मोडेलमै गणतन्त्रको सपना सकार भयो, पछि बहुमतीय प्रकृयामा गएर पार्टीहरु स्वार्थी तथ सत्ता लुलुप्तको शीकार भएर यस्तो राजनैतिक अस्थीरता र कुटनैतिक रपमा विश्वको समुदायलाई आफ्नो दुदर्शीता देखाउन नसकेको हो । यसको लगभग सत्रह वर्षपुग्नै आंटेको छ तथापी संक्रमणकालिन न्यायको टुंगो लागेकाछैनन् । यसको पछि के के बाधकहरु छन् ,ति बाधाहरु सबै पार्टी सरकार तथा न्यायालयबीच परस्पर सहयोग समभ्फदारी अनि सहकार्यले अवश्य टुंगोमा पुग्ला नै ,अर्थात् यस्तो गहन विषयमा महासचिवको चासो देखिनु नेपालकै हकमा ठीकहुन सक्छ । हामी संयुक्त राष्ट्रसंघका शान्ति सेना पठाउने मुलुक मध्ये दोश्रो बढि संख्यामा सेना पठाउने मुलुकमा परेकाछौं ,स्वाभाविक हो जसले विश्वलेवेलमा यस्तो ठुलो भूमिका निर्वाह गर्न सक्छ , त्यसले आफ्नो घर किन सम्हाल्न तथा सुधार्न सक्दैनन् । यदि राजनैतिक तथा कुटनैतिक रुपमा सजग, सबल र सक्षम् भईयो भने संसारका कुनै पनि तागतले हलाउन सक्दैनन् हामीलाई । अकबरी सुनलाई कसी लाउनु पर्दैन । नेपाल भनेको नेपाल हो ।

दोश्रो , लक्ष्य भनेको जलवायु परिवर्तनका जटील दुष्परिणाम तथा यसबाट सिर्जित विभिन्न खतरा र भयवाहहरु । महा सचिवकै नाताले प्रधानमन्त्रीका निमन्त्रणामा नेपाल आएर, विभिन्न हिमशीखर तथा हिमतटहरुका आफै अवलोकन गरी सागरमाथा आधार शीवीरमा नेपालीसेनाकै हेलि कप्टरमा पुगेर त्याहांका हिमतालहरुका फुट्न सक्ने असरहरु र हिमाल किन पग्लिरहेको कारणहरुलाई समेत विश्व समुदायसामु राखेर निकट भविष्यमा हुने जलवायु परिवर्तनका भयवाहमाथिका सम्मेलन मार्फत् विश्वका बढि उत्सर्जन गर्ने मुलुकहरुलाई नेपालको हकमा सावधान गराउनु अति महत्वपूर्ण तथा सान्दर्भिक देखिएको छ ।यसर्थ निकट भविष्यमा हुने अन्तराष्ट्रिय शिखर सम्मेलन कोप २८ मा भूईकम्पलाई पनि मुल विषयमा समावेश गरायनु पर्दछ । किनकी नेपालको लागि यो पनि एउटा प्रमुख जटील समस्या नै रहेको छ ।

> ***महा सचिवकै नाताले प्रधानमन्त्रीका निमन्त्रणामा नेपाल आएर, विभिन्न हिमशीखर तथा हिमतटहरुका आफै अवलोकन गरी सागरमाथा आधार शीवीरमा नेपालीसेनाकै हेलि कप्टरमा पुगेर त्याहांका हिमतालहरुका फुट्न सक्ने असरहरु र हिमाल किन पग्लिरहेको कारणहरुलाई समेत विश्व समुदायसामु राखेर निकट भविष्यमा हुने जलवायु परिवर्तनका भयवाहमाथिका सम्मेलन मार्फत् विश्वका बढि उत्सर्जन गर्ने मुलुकहरुलाई नेपालको हकमा सावधान गराउनु अति महत्वपूर्ण तथा सान्दर्भिक देखिएको छ। यसर्थ निकट भविष्यमा हुने अन्तराष्ट्रिय शिखर सम्मेलन कोप २८ मा भूईकम्पलाई पनि मुल विषयमा समावेश गरायनु पर्दछ। किनकी नेपालको लागि यो पनि एउटा प्रमुख जटील समस्या नै रहेको छ।***

यसैगरी तेश्रो , प्रमुखलक्ष्य उनको भ्रमणको के थियो भने , नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणको विषयमा चासो । वास्तवमा जसरी तराई मधेश केन्द्रित आन्तरिक प्रमुख जटील समस्या भनेको चुरेपहाडका दोहन जसरी एका तर्फ कमाई खाने घांडो साबित भएको छ ,अर्कातर्फ यसको गीटीबालुवा तथा बोल्डरका क्रसर उद्योगहरुलेगर्दा भविष्यमा तराईको भूमि मरुभूमिमा परिणत गर्नुमा लागेका छन् ।ठीक त्यसैगरी जलवायु परिर्वतनका प्रतिकुल प्रकोपले,अन्तराष्ट्रिय समस्या भनेको नेपालका सागरमाथा लगायत अन्य हिमशीखरहरु पग्लिनु एउटा ठुलो खतरा हो जसलाई नेपालले चाहेर पनि एक्लै थेग्न सक्दैनन् । यसले भविष्यमा नेपाल कंगाल मात्र बन्दैनन् , पाकृतिक विनाशले यस्को स्वाधिनताके अस्तित्वमाथि नै खतरा देखिएको छ । अर्थात् नेपालको आर्थिक समृद्धिको विषय प्राथमिकतामा राखेकोले महासचिवको भ्रमण लाभपूर्णतथा प्रभावकारी हुने स्पष्ट् सन्देश दिएको छ ।

नेपाल जस्तो हिमालय अनि पर्वतीय क्षेत्रमा रहेका १३६ वटा राष्ट्लाई जलवायु परिवर्तनका जोखिमबाट बचाऊन राष्ट्संघका महासचिव गुटेरेष्टको नेपाल भ्रमणलाई सुनौलो अवसरको रुपमा सदुपउपयो गर्नु पर्ने, उनको भ्रमणलाई अवसरका रुपमालिई नेपाल र नेपाल जस्तै जलवायु परिवर्तनको जोखिममा रहेका अन्य देशहरुको हितमा परिणत गर्न पनि नेपाल सरकारलाई सुझाव दिईएको छ । उनले नेपालको भ्रमण गर्नुलाई नेपालमा जलवायु परिवर्तनको असर छ भने, स्पष्ट सन्देश दिदैं, नेपालमा जलवायु परिवर्तनले पुर्‍याएको छत्तीबापत् ५० बिलीयण अमेरिकी डलर बराबरको बजेटदिनु पर्ने बताएका छन् । उनको भ्रमणले संयुक्त राष्ट्संघमा बुझाएको योजनालाई प्र्थमिकताका साथा अघि बढाउन संयुक्त राष्छटसंघलाई अवश्य नै बल पुगेको हो भने पूर्ण विश्वास गर्न सकिन्छ ।

नेपालले शान्ति स्थापनामा गरेको मौलिक अभ्यास संक्रमण कालिन न्यायलाई अन्तिम निष्कर्षदिन चालेका कदम र शान्ति स्थापनार्थ खटाइएका शान्ति सेनाका सफल योगदानबाट विश्वले पाठ सिक्नु पर्ने , नेपाल भ्रमणका उदेश्यबारे जानकारी दिनु हुंदै उनले नेपालको शान्ति प्र्कृयालाई अन्तिम निष्कर्षमा लाने,जलवायु परिवर्तन प्रकृयाका प्रतिकुल असरबाट प्रभावित समुदायलाई पुनः स्थापित गर्न र नेपाललाई अल्प विकसित मुलुकबाट विकाशील मुलुकमा स्तर उन्नती गर्ने पकृयाका विषयमा आफ्नो प्राथमिकता रहेको प्रतिबद्धता जनाउनु भएको कुरा नेपालका लागि एउटा ठुलो अवसर साबित भएको छ ।

अहिलको अवस्थामा नेपालमा संयुक्त राष्ट्संघका महासचिवको भ्रमण , संसारभरि विश्व शान्तिका रुपमा तनावको रुपमा रहेकोबेलामा पनि नेपालका निमन्त्रणालाई नठुकराई,नेपालले प्राथमिकता प्राप्त गर्नु ,विश्वको ध्यान नेपालमा रहेको पहिलो उपलब्धी हो भने, दोस्रो उपलब्धी भनेको नेपालको शान्ति प्रकृयामा संयुक्त राष्ट्संघको निकैठुलो योगदान रहेको थियो , द्धन्दकालिन हथियार व्यवस्थापनकै कुरा तथा सेना समायोजनको कुरा , दुईदुई पटक संबिधान सभाको निर्वाचनको कुरा आदि संपूर्ण महत्पूर्ण कुरामा मध्यस्ताको भूमिका राम्ररी निर्वाह गरेको हो । यसथ् महासचिवको नेपाल भ्रमणका प्रमुख तीन एजेन्डा शान्ति प्रकृया , जलवायु परिवर्तन तथा नेपालको आर्थिक सामाजिक रुपान्तरण रहेका छन् ।

अर्थात् समग्रमा भन्दा ,शान्ति प्रकृया टुंगो लगाउने क्रममा संक्रमण कालिन न्यायलाई छिटो भन्दा छिटो विश्व समुदायको मापदण्ड,अदालतका फैसला तथा पिडित पक्षलाई केन्द्रमा राखेर यो विद्येयक सदनमा जति सक्दो छिटै पारित गरिनु पर्दछ भने महा सचिवको आग्रह कार्यान्वयन हुनुपर्दछ । अर्कातर्फ पर्वतीय मुलुकहरुको जुन एउटा साझा समस्या , हिमाल पग्लिने समस्या विश्वका विकसीत मुलुकहरुका बढि उत्सर्जनाका कारणले तापक्रम बढ्दाको बढ्दै गई राखेकाले यसको दुष्परिणाम अल्पविकसित मुलुकहरुले बेहोर्नु परिराखेका छन् । ति विकसित मुलुकहरुले अन्तराष्ट्रिय सम्मेलन जस्तो पेरिसमा भएको थियो ,त्यसका पनि प्रतिबद्धता तथा मापदण्डहरु अक्षरसः पालन भएनन् जस्तो देखिएको छ ।यसका लागि संयुक्त राष्ट्संघले ति विकसित मुलुकहरुलाई विभिन्न महत्वकांक्षी योजनाका साथ कार्वन उत्कर्षण प्रकृयालाई आंउदोकोप २८ द्धारा निरुत्साहित गरिनु पर्दछ ।

अतःसंयुक्त राष्ट्संघ सबै देशहरुको साझा थलो भएको हुनाले त्यांहाको प्रमुख नेपाल आउनु , साह्रै सौभाग्यको कुरा हो किनकी हामी नेपाली प्रति वास्तवमै संवेदनशीलता प्रस्तुत् गर्नुभयो , हाम्रो गांजामा मारिएका दशजना विद्यार्थी प्रति समवेदना दिनेदेखि ,एक जना वेपत्ता पारिएका विद्यार्थीको नामै लिएर उहांको सिघ्र रीलिजकोकुरा देखि लिएर हाम्रा नेपाली सेना सेनाहरु संयुक्त राष्ट्संघको शान्ति सेनामा गएर पिश किंपिग गर्दाखेरी मारिएकालाई समवेदना दिनु सम्मका वातावरण र जलवायु परिवर्तनका प्रत्यूक्ष भोगेर देखेर त्यांहाका समुदायसंग बसेर भलाकुसारी गरेका कुराहरु अझै मार्मिक तथा सारगर्भिक प्रमाणित भएको छ ।

सब भन्दा संवेदनशीलता त उनी अहिले ,ईजराईल फिलिस्टाईन तथा हमासका आम्रमणले युक्रेणका युद्ध झैं तेश्रो विश्वयुद्धकाल निम्तिन सकिने विश्व नै अक्रान्ताकाबेला पनि,नेपालको निमन्त्रणा सहस्रस्वीकार गरि नेपालको शान्तिभूमि लुम्बनीको धर्तीबाट विश्वले नेपालको शान्ति पकृयाबाट पाठ सिक्नुपर्ने विश्वको समुदायलाई आहवान तथा आग्रहगर्नु कुनै समान्य तथा चानचुने कुरा चांहि होईनन् ।

# न्याय अझै मरेको छैन, पटके अपराधीलाई उन्मुक्ति नदिइयोस्



**सुशीला कार्की**

थाकेको हारेको एक पीडितले पाउनुपर्ने वास्तविक न्याय जब अदालतबाट पाउँछन् अनि तिनको अन्तःस्करणदेखि नै यही आवाज आउने गर्छ - 'न्याय त अझै मरेको रहेनछ ।'

भारती शेर्पा मानन्धरका पति चेतन मानन्धर मारिएको मुद्दामा जन्म कैदको सजाय पाएका हत्यारा योगराज ढकाल (रिगल) लाई मन्त्रिपरिषद्को सिफारिसमा सजाय माफी दिने निर्णय राष्ट्रपतिबाट भयो । संविधान दिवसका दिन माफी मिलेसँगै रिगल थुना मुक्त भए । भारतीले दोषी रिगललाई माफी दिने सिफारिस निर्णयविरुद्ध रिट दायर गरिन् ।

त्यही रिटमा सर्वोच्च अदालतबाट सरकार र राष्ट्रपतिका निर्णय बदर गर्दै दोषीलाई पुनः थुनामा पठाउने आदेश भयो। यो आदेशपछि तत्कालै कसुरदार रिगल पक्राउ परी थुनामा पुगेका छन् । भारती शेर्पा मानन्धर फैसलापछि विजयभावमा भावविह्वल हुँदै आफ्नो मृतक पतिको हत्या स्मरण गरी रोइन् र उनले एकपटक फेरि भनिन् - 'न्याय त अझै मरेको रहेन छ ।'

यसको अर्थ न्यायालयबाट इन्साफ पाइँदो रहेछ भनी स्वीकार्नु हो । यदाकदा न्यायालयबारे भएका घटनाभन्दा बढी 'मिथक' प्रचार पनि हुने गर्छ - 'न्याय बिक्छ, न्याय किनबेच हुन्छ, न्यायमा नातावाद कृपावाद र धनीगरिबबीच विभेद अनि हुने नहुने बीच पक्षपात हुने गर्छ ।'

गतवर्ष सर्वोच्च अदालत परिसरमा भएको कानुन व्यवसायीहरूको हडताल र न्यायाधीश पक्षबाट मुद्दा नहेरी गरेको बेन्च बहिस्कारका क्रममा केही आलोचकहरू जसले स्वयम् आफूलाई 'राष्ट्रवादी' घोषणा गरेका थिए तिनीहरू नै सर्वोच्च अदालत परिसरभित्र र बाहिर माइतीघर मण्डलामा सानातिना आन्दोलन र फौजदारी गर्न पुगे ।

वास्तवमा न्यायालयको मर्मसम्म नबुझी तत्काल झमेला उठाएका थिए। रिगल ढकाल पुनः थुनामा पुगेपछि त्यही जमातका मानिसहरू पनि यो आदेशबाट खुसी देखिन्छन् । त्यस्तै, संसद् विघटनको विवादमा न्यायालयले दुवैपटक विघटित संसद्लाई पुनःस्थापित गरेको थियो । विघटनका पक्षमा उभिएको एउटा जमात न्यायालयसँग रिसायो भने अर्को ठूलो जमात जो विघटनको विपक्षमा थियो, उसले न्याय परेको जाहेर गर्‍यो ।

त्यस समयमा पनि न्यायालय र न्यायाधीशहरुले विद्वान् विदुषी र आमजनताबाट भरमार प्रशंसा पाएको देखियो । यथार्थमा यी सब केही होइन । प्रथमतः प्रत्येक सेवाग्राहीको आफूले दाबी गरेको मुद्दा कथंकदाचित हार्ने खालकै रहेछ भने पनि जित्ने नै अपेक्षा हुन्छ ।

त्यस्ता पक्षले आफ्नो मुद्दा हारेपछि फैसला गर्ने न्यायाधीश र अदालतको बदनाम गर्ने प्रयास गर्ने गरेका हुन्छन् । न्यायालयमा तल्लो अदालतको फैसलामा चित्त नबुझे माथिल्ला अदालतहरूमा क्रमशः उजुर गर्न जाने व्यवस्था रहन्छ। तल्लो अदालतका न्यायाधीशले फैसला गर्दा मुद्दा नबुझेर वा बोर्डर लाइनको विवाद देखेर अथवा बेइमानी वा पक्षपात नै गर्नेगरी फैसला गरेको भए पनि त्यस्ता फैसलाउपर पुनरावेदन गरी तल्लो अदालतको फैसलालाई सच्याउन सकिने कानुनी प्रावधान छ ।

कहिलेकाहीँ कतिपय मुद्दामा कानुन र तथ्यको पनि व्याख्या गर्नुपर्ने अवस्था पर्न आउन सक्छ । कुनै मुद्दाको तथ्यबारेमा एक न्यायाधीशले हेर्दा उसलाई एउटा व्याख्या सही सत्य लाग्न सक्छ भने अर्कोलाई अर्कै व्याख्या उचित लाग्न सक्छ ।

मुद्दाहरुको अन्तिम व्याख्याता भनेको सर्वोच्च अदालत हो । यसको संरचनामा दुई जना न्यायाधीशको संयुक्त इजलास, तीन जनाको पूर्ण इजलास, पाँच जनाको बृहत् इजलास र बृहत पूर्ण इजलास रहेका छन् । मुद्दाको विषयगत गम्भीर्यअनुरूप बेलाबखत अलग प्रकृतिका इजलास गठन हुने गरेका छन् । न्यायालयबाट फैसला हुनुपूर्व कानुन र नियमसंगत प्रक्रिया छन् ।

यिनका कारण अलि लामो समय लाग्न सक्छ । त्यहाँ दर्ता हुने विवादहरूमा प्रमुख



जिल्ला अधिकारी र प्रशासकहरूकहाँ हुनेगरेको जस्तो जुनसुकै र जो सुकैको हद म्यादविहीन, हकदैयाविहीन ठाडो उजुरी र कारबाही गरेजस्तो हुँदैन । निश्चय नै कानुनी प्रक्रिया पुरा गरेर फैसला गर्न समय लाग्छ। त्यसैले गर्दा आधुनिक युगमा आएर मुद्दाको फैसला र कार्यान्वयन छिटोछरितो गर्ने हेतुले कतिपय मुद्दामा द्रूत मार्गबाट वा छिटोछरितोसँग फैसला हुने व्यवस्था हालका कानुनमा समावेश गरिएको छ।

यद्यपि फैसला गर्ने क्रममा न्यायालय कहिले काहीँ घोर विवादमा पर्ने पनि गरेको हुन्छ । यस्तो प्रायः एकथरि सेवाग्राहीको अपेक्षा पूरा नहुँदा तिनले गर्ने भ्रमको खेतीका कारण पनि हो । रिगल प्रकरणमा सर्वोच्च अदालतबाट आदेश गर्दा हत्या गर्ने व्यक्ति रिगल ढकाललाई न्यायालयले मुकरर गरेको कैदको सजायमा सरकारले निजलाई माफी दिलाउने क्रममा पीडित पक्षको पनि मन्जुरी लिनुपर्ने भन्ने बुँदा उल्लेख गरिएको थियो ।

आदेश भएपछि केही अनलाइन समाचारमा कस्तो भ्रामक समाचार प्रेषित भएको पाइयो भने अब पीडितले अभियुक्तलाई माफी दिएमा सजाय माफ हुने फैसला सर्वोच्च अदलतबाट भएको छ । तथ्यगत कुरा के हो भने जसको सिन्दुर पुछियो, अभिभावक गुम्यो, कमाउने या खुवाउने लोग्ने मारियो, बालबच्चा टुहुरा भए, तिनले पिताको न्यानो माया गुमाए र जो बर्बाद भए। तिनीहरू वास्तवमा नै नकारात्मकरूपमा प्रभावित हुन्छन् ।

तिनको पनि अभियुक्तलाई माफी दिने या नदिने निर्णय हुनुपर्छ भन्ने न्यायालयको आशय हो। यो आशयलाई बङ्ग्याएर मुद्दा चलाउँदादेखि नै अभियुक्तलाई पीडित पक्षले माफी दिएमा मुद्दा पनि नचल्ने र कारबाही नै नहुने फैसलाको आशय हो भनी भ्रम छर्ने कोसिससम्म भयो ।

अर्कातर्फ अदालतबाट मुद्दा तहतह हेर्दै सुनवाइ गर्दै अपराधको गाम्भीर्यलाई हेरेर सजाय मुकरर गरी फैसला भएको हुन्छ । अनि त्यस्ता मुद्दामा सरकारको सिफारिसमा राष्ट्रपतिले मारिएको मानिसको परिवारलाई चोट पुग्नेगरी अपराधी छाड्दै जाने र सिङ्गो राष्ट्रलाई अपराधको अखडा बनाउन चाहने हो भने किन प्रहरी र न्यायालय चाहियो ? हत्यारा जेलबाट निस्कँदा मानौ, युद्ध फत्ते गरी उहिले उहिले राजा महाराजाले विजय जुलुस निकालेजस्तो विजय जुलुस निकाल्छ ।

अनुहार छोप्ने गरी सयपत्री फूलको माला लगाई अबिर जात्रामात्र होइन दिनदिनै सहरबजारमा भोज चल्छ । तिनै दलका नेताहरूको दौराको फेरो समाती सजाय माफी पाएका अपराधीहरूले निस्केको भोलिपल्टैदेखि हत्या हिंसा, पैसाका निम्ति निर्दोषहरूको अपहरणका अपराध सुरु गरेको सबैलाई थाहा नै छ ।

सजाय माफी पाउनेको स्वभाव, चरित्र र व्यवहार हेरेर माफी दिनुपर्ने हुन्छ। त्यस्तो माफी पनि अपवादमा वा बिरलै दिने गरिन्छ । यहाँ त हिंसकभन्दा हिंसक र पटकपटक अपराध गर्ने पटके अपराधीसमेत सजाय माफी दिने कार्य भएको पाइएको छ । यस्ता माफीमा व्यक्तिको व्यक्तिगत चरित्रसम्म नहेरी जन्मदेखि नै अपराधिक स्वभाव बोकेर आउनेसम्मलाई पनि माफी दिलाई सजायबाट उन्मुक्ति दिएको देखियो । आज ती मानिसलाई उन्मुक्ति नदिएको भए एउटी महिलाको संविधान प्रदत्त बाँच्ने अधिकारको अपहरण हुने थिएन ।

त्यसैगरी कसैले अपहरण उद्योगको सिकार हुनुपर्ने थिएन । भारती शेर्पा मानन्धरको रीट निवेदनमा भएको आदेश फैसलालाई पढेर या सुनेर जनसाधारण र पीडितहरू न्यायालयका न्यायाधीशको साहस र वास्तविक न्याय निःसृत भएकामा खुसी छन् । तर, जजसले ती अपराधीलाई थुनामुक्त गर्ने प्रयास गरेका थिए (कुन अभिप्रायले र किन गरे गराएका थिए वा त्यसमा तिनको असली मक्सद के थियो ?) तिनीहरू भने सिफारिसको निर्णय बदर भएकोमा निश्चय पनि खुसी छैनन् ।

वर्तमान अवस्थामा यो फैसलाबाट सरकार जनताको नजरमा दोषी देखिएको छ । तसर्थ, सरकार घोरआलोचनाको पात्र बनेको छ । सरकारमा बसेर सरकारका उच्च ओहदावालले हत्यारा, पाकेटमार, चोर, फटाहा, मवाली, तस्कर, गुण्डा, आवाराहरुलाई प्रश्रय दिने हो भने मुलुकको वातावरण कस्तो बन्ला ? तिनै व्यक्तिलाई दलहरूले राजनीतिक सहयात्री वा कार्यकर्ता मान्ने हो भने र तिनको पृष्ठपोषण गर्ने हो भने मुलुकमा कायम हुनुपर्ने विधिको शासन र असल शासनको हालत के होला ?

स्मरण रहोस्, कुनै एक राजनीतिक दलमा गैरचरित्र भएका एउटा अपराधीलाई दलका नेताको पगरी गुँथेर दलभित्र समावेश गरी प्रश्रय दिइएको कारणबाट कुनै समय सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको हत्या हुनपुगेको थियो ।

# कांग्रेस महामन्त्रीद्वय भूकम्पप्रभावित क्षेत्रमा, सात कार्य विषयमा केन्द्रित हुने



काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा गत शुक्रबार पश्चिम नेपालमा गएको भूकम्पपछि भएको जनधनको क्षतिमा पार्टीका तर्फबाट आवश्यक अनुगमन र सहजीरकणका लागि त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

कांग्रेसले भूकम्पपछि भएको जनधनको क्षतिमा आवश्यक सहजीरकणका लागि 'केन्द्रीय अनुगमन तथा व्यवस्थापन सहजीकरण समिति' गठन गरेको थियो । उहाँहरू समितिका तर्फबाट आज जाजरकोट र रुकुम पश्चिमका भूकम्पप्रभावित क्षेत्र पुग्दै हुनुहुन्छ।

कांग्रेसले उद्धार, राहत र पुनःस्थापनाको 'केन्द्रीय अनुगमन तथा व्यवस्थापन सहजीकरण समिति' महामन्त्रीद्वयको नेतृत्वमा गठन गरेको थियो ।

भूकम्पपछि कांग्रेसले हालसम्म उद्धार कार्यमा स्थानीय पार्टीपङ्क्ति परिचालन, सरकारको राहत कोषमा रु ५० लाख सहयोग घोषणा र हस्तान्तरण, देशभरका आफ्ना सार्वजनिक कार्यक्रम स्थगन, कयौँ जिल्लाबाट पार्टीका स्वयंसेवक राहत लिएर प्रभावित क्षेत्रमा, शुभेच्छुक संस्था 'डिडिए' को संयोजनमा चिकित्सक र औषधि प्रबन्ध, पार्टीको धारणा र सुझाव (तत्कालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने अत्यावश्यक कार्य)सहित प्रधानमन्त्रीलाई लिखित ध्यानाकर्षण गराइसकेको छ ।

महामन्त्रीद्वय थापा र शर्मा केहिदिन त्यहाँ रहेर उहाँहरूले सात बुँदे कार्य' मा ध्यान केन्द्रीत गर्नुहुने पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँहरूले राहत वितरणमा देखिएका कमजोरीको वास्तविकता पहिचान गरी अविलम्ब उचित व्यवस्थापनमा ध्यान, ध्यानाकर्षण र सहजीकरण गर्नुहुनेछ ।

साथै उहाँहरूले सङ्घ, प्रदेश, स्थानीय सरकार, राजनीतिक दलहरू, विभिन्न सङ्घ-संस्था एवं स्वयं सरकारी निकायबीच 'एकद्वार प्रणाली' अनुसार समन्वय भएको छ या छैन । छैन भने एकद्वार पालना गर्न/गराउन थप सुझाव र सहजीकरणगर्नुहुनेछ।महामन्त्रीद्वयले उद्धार र राहतमा पुगेका बाह्य सङ्घ-संस्था र व्यक्तिबाट कतै प्रतिकूल असर परेको अवस्था त छैन ? सो निरीक्षण गरेर अविलम्ब त्यस्तो स्थितिलाई व्यवस्थापन गर्न/गराउन सुझाव र सहजीकरण गर्ने /गराउनुहुनेछ ।

उहाँहरूले स्थलगत बुझेर जरुरी समन्वय र प्रभावकारितामा प्रेरित गर्ने तथा दीर्घकालीन रूपमा पुनःस्थापनामा सम्पादन गर्नुपर्ने विषयको अध्ययन गर्नुहुने कांग्रेसले जनाएको छ । भूकम्पबाट घाइते नभएका तर अन्य प्रकारका बिरामीको उपचारमा असहजताको अवस्था भएको हुनसक्ने स्थिति दृष्टिगत गरेर स्थिति व्यवस्थापनका अलग्गै संयन्त्र निर्माणमा समन्वय गर्ने जिम्मेवार ँसमेत उहाँहरूलाई तोकिएको छ । महामन्त्रीद्वयले सुत्केरी, अपाङ्गता भएका नागरिक, बालबालिका एवं वृद्धवृद्धालाई विशेष प्राथमिकता साथ तत्कालीन व्यवस्थापनमा रहेका कमजोरी पहिचान र निदानमा जरुरी समन्वय गर्नुहुनेछ ।रासस

# नागरिकको अधिकार सुनिश्चित गर्न कानुन कार्यान्वयन गर्नुपर्छ : अध्यक्ष तिमिल्सिना

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले संविधानलाई कार्यान्वयनमा ल्याउँदै नागरिकको मानव अधिकार संरक्षण गर्न जरुरी रहेको बताउनुभएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को २७औँ साधारणसभाको सन्दर्भमा बुधबार आयोजित 'आजको सन्दर्भमा मानव अधिकार ः संवैधानिक हक र प्रचलन' विषयक अन्तरक्रियामा उहाँले संविधान बनाउनेहरूले कार्यान्वयन गर्ने इच्छाशक्ति देखाउनुपर्छ भन्नुभयो ।



"संविधान अनुकूलका कानुन बनाउन ढिलाइ भइरहेको छ, बनाउनुपर्ने कानुनको सरकारी विधेयक आएको छैन, गैरसरकारी विधेयक आउने वातावरण नै छैन", उहाँले भन्नुभयो, "सरकारले संसद् लाई बिजनेस दिए कानुन बन्ने हो, तर विधेयक नै आएको छैन ।"

संविधान कार्यान्वयन गर्ने विषयमा सबैले ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले संविधानअनुसारका कानुन बनाउन सरकारले बढी ध्यान दिनुपर्ने बताउनुभयो।उहाँले राष्ट्रियसभामा आएका विधेयकहरूलाई प्राथमिकता दिएर अघि बढाएको जानकारी गराउनुभयो । राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा सूर्य ढुङ्गेलले मानव अधिकार आयोग 'क' ग्रेडमा कायम हुनुमा सबैको भूमिका रहेको र मानव अधिकार संरक्षकसम्बन्धी ऐन पनि जरुरी भएको बताउनुभयो ।

इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले नागरिकको अधिकारको संरक्षण कानुन बनाएरमात्र नहुने उल्लेख गर्दै त्यसको प्रभावकारी कार्यान्वयन जरुरी भएको आवश्यकता औँल्याउनुभयो । उहाँले अहिलेको मानव अधिकारको मुख्य विषय सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्‍याउनु नै भएको स्पष्ट पार्नुभयो ।

गैरसरकारी संस्था महासङ्घको उपाध्यक्ष भावना भट्टले संविधानमा धेरै कुरा लेखिएको भए पनि कानुन बनाउने र प्रभावकारी कार्यान्वयनमा कमी देखिएको बताउनुभयो । उहाँले मानव अधिकार संरक्षण गर्न र प्रभावकारी तरिकाले कानुनको कार्यान्वयन गर्न तीन तहको सरकारले समन्वय गर्नु जरुरी भएको बताउनुभयो ।

मानव अधिकारकर्मी प्रदीप पोखरेलले मानव अधिकारको क्षेत्रमा काम गर्ने इन्सेक जतिको विश्वसनीय संस्था अरू नभएको र नेपालको मानव अधिकार सूचक बाहिर ल्याउने संस्था भएको बताउनुभयो ।

इन्सेकका अध्यक्ष डा कुन्दन अर्यालले नागरिकको मानव अधिकार भनेको संविधान र कानुनको कार्यान्वयन नै भएको र भएका कानुनको प्रभावकारी कार्यान्वयन भएमा मानव अधिकार संरक्षण हुन्छ भन्नुभयो । मानव अधिकारको क्षेत्रमा कार्यरत इन्सेकको सातै प्रदेशमा कार्यालय रहेको छ । रासस

# मिथ्या सन्देशले समाज दूषित पार्दै छ, सचेत होऔँ : उपाध्यक्ष भुसाल

ललितपुर । नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष पम्फा भुसालले सूचना प्रविधिको दुरुपयोगलाई सरकारले नियमन र नियन्त्रण गरेर समाजलाई दूषित हुनबाट जोगाउनुपर्ने बताउनुभएको छ । पछिल्लो समय प्रविधिमार्फत प्रवाह गरिने भ्रामक र मिथ्या हुने सन्देशले समाज दूषित बनाइरहेको उहाँको भनाइ छ ।

दिलबहादुर स्मृति प्रतिष्ठानद्वारा प्रकाशित पुस्तक 'सङ्कल्प र सङ्घर्ष-अनवरत पाइलाहरू'को लोकार्पण कार्यक्रममा उपाध्यक्ष भुसालले भन्नुभयो, "जनताको सुसूचित हुने अधिकारमा आँच नआउने गरी प्रविधिको दुरुपयोग रोक्नुपर्छ, भ्रामक र मिथ्या सन्देश प्रवाह हुन दिनु हुँदैन ।" सामाजिक सञ्जालमार्फत भइरहेका अनर्गल प्रचारले समाज विकास र राजनीतिक व्यवस्था सुदृढ नहुने बताउँदै उहाँले र भर्चुअल माध्यमबाट हुने गरेको अराजक अवस्थालाई नियन्त्रण गर्न सबै राजनीतिक दल एकमत भएको जानकारी दिनुभयो ।

लामो राजनीतिक सङ्घर्षबाट प्राप्त उपलब्धिलाई अवमूल्यन गरिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै उपाध्यक्ष भुसालले भन्नुभयो, "पटक-पटकको सङ्घर्ष र दशौँ हजारले जीवन समर्पण गरेर ल्याएको व्यवस्थालाई समृद्ध तुल्याउने हो, अझ सुदृढ बनाउने हो, दुत्कार्ने होइन ।" उहाँले महत्वपूर्ण पुस्तक बजारमा आउँदा सही इतिहास जनतासमक्ष पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

गोदावरी नगरपालिकाका प्रमुख एवं नेपाली कांग्रेसका नेता गजेन्द्र महर्जनले पछिल्लो समय जनतासँग जोडिएका पार्टी गलत र जनताभन्दा टाढा रहेका पार्टी राम्रो भन्ने भ्रम फैलिँदा अप्ठ्यारो अवस्था सिर्जना भएको बताउनुभयो । उहाँले अफवाहरूलाई नियन्त्रण गर्नका लागि परिवर्तनका लागि योगदान गर्ने राजनीतिक दल एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका वक्ताहरूले प्रतिष्ठानले प्रकाशन गरेको पुस्तक समाजसेवी दीपेन्द्र श्रेष्ठको योगदानमा आधारित रहेको उल्लेख गर्दै राजनीतिक एवं सामाजिक रुपान्तरणमा उहाँले पुर्‍याउनुभएको योगदानको चर्चा गर्नुभएको थियो ।

पुस्तकमा दीपेन्द्रले राजनीतिक परिवर्तनमा पुर्‍याउनुभएको योगदानको चर्चा गरिनाका साथै उहाँले भोगेका र उहाँप्रति विभिन्न राजनीतिक दल एवं सामाजिक व्यक्तिको दृष्टिकोण समेटिएको छ ।रासस

# राप्रपा अध्यक्ष लिङ्देन स्वदेश फिर्ता

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन संयुक्त राज्य अमेरिकाको १२ दिने भ्रमण पूरा गरीस्वदेश फर्किनुभएको छ ।

सम्बद्ध प्रवासी नेपाली एकता समाज (पानस) को निमन्त्रणामा उहाँ अमेरिकाको विभिन्न राज्यमा भएका विविध कार्यक्रममा सहभागी भएर गएराति स्वदेश फर्किनु भएको सो पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार अध्यक्ष लिङ्देनले टेक्ससको ड्यालसमा पानस अमेरिकाको तेस्रो राष्ट्रिय अधिवेशनलाई सम्बोधन गर्नाका साथै टेक्सस, इन्डियाना, ओहायो, वाशिङटन डिसी, न्यूयोर्क, बाल्टिमोरलगायत मुख्य सहरमा नेपाली समुदाय, पानसका विभिन्न समितिहरूसँग भेटघाट र साक्षात्कार गर्नु भएको थियो ।

अध्यक्ष लिङ्देन यही कात्तिक ९ गते अमेरिका प्रस्थान गर्नुभएको थियो। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा उहाँलाई कार्यबाहक अध्यक्ष तथा उपाध्यक्ष बुद्धिमान तामाङ, अर्का उपाध्यक्ष हेमजङ गुरुङ, प्रवक्ता ज्ञानेन्द्र शाहीलगायत नेताहरूले स्वागत गर्नुभएको थियो ।

अध्यक्ष लिङ्देनको भ्रमण टोलीमा राप्रपा सहायक महामन्त्री विजय खड्का, केन्द्रीय सदस्य एवं प्रवास विभाग प्रमुख आनन्द अधिकारी एवं अमेरिकामा रहनुभएका पानस आईसिसीका अध्यक्ष प्रेमकुमार श्रेष्ठ पनि स्वदेश फर्कनुभएको प्रवक्ता श्रेष्ठले बताउनुभयो । रासस

# राहत वितरणमा एकद्वार नीति:उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ

गण्डकी । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जाजरकोट तथा रुकुम पश्चिमका भूकम्प प्रभावितलाई राहत वितरणमा सरकारले एकद्वार नीति लिएको जानकारी दिनुभएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीन सरकारका तर्फबाट भूकम्प प्रभावितका लागि उपलब्ध गराइएको सामग्री बुझेपछि आयोजित पत्रकार सम्मेलनमा उहाँले विभिन्न दाताले उपलब्ध गराएको सहयोगलाई सङ्कलन गरी तीनवटै सरकारको समन्वयमा एकद्वार प्रणालीबाट भूकम्पपीडितलाई प्रदान गरिने छ भन्नुभयो ।

उहाँले भन्नुभयो," भूकम्प पीडित कोही पनि खुला आकाशमुनि बस्नु नपरोस्, जाडोमा भूइँमा सुत्नु नपरोस् तथा खाद्यान्नविहीन हुनु नपरोस् भन्ने तवरबाट सरकारले काम गरिराखेको छ ।

यसका लागि आवश्यक व्यवस्थासहित सम्बद्ध पक्षलाई निर्देशन पनि दिइसकेको छ ।" भूकम्पलगत्तै प्रभावित दुबै जिल्लामा सरकारले पाँच/पाँच



करोड रुपैयाँ उपलब्ध गराइसकेको उहाँले जानकारी दिनुभयो ।

भूकम्पपछि मित्रराष्ट्रबाट सहयोग आउनेक्रम जारी रहेको जनाउँदै उहाँले सहयोगदाताप्रति धन्यवाद व्यक्त गर्नुभयो । हाम्रो देश प्राकृतिक विपत्तिले जोखिमी देश भएको उल्लेख गर्दै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले जोखिमी न्युनीकरणसँगै जनधनको कम नोक्सानी हुने गरी चनाखो बन्नु अपरिहार्य छ भन्नुभयो ।

भूकम्पलगत्तै पहिलो दिन प्रधानमन्त्री स्वयम् स्वास्थ्यकर्मीको टोली लिएर र दोस्रो दिन आँफू स्वयम् पुगी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत वितरणका कामलाई तीव्रता दिइएको उहाँले जानकारी गराउनुभयो ।

यसअघि भूकम्प प्रभावित क्षेत्रका लागि दुईवटा चिनियाँ जहाजमार्फत आएका राहत सामग्री नेपालका लागि चिनियाँ राजदूत छन् सोङले उपप्रधान तथा गृहमन्त्री श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका जहाजमा रु २८ करोड रुपैयाँ बराबरका चार हजार ६ सय थान ब्ल्याङ्केट र ६०० थान त्रिपाल रहेको जानकारी गराइयो ।रासस

# एकीकृत समाजवादीको राष्ट्रिय महाधिवेशन काठमाडौँमा

काठमाण्डु । नेकपा एकीकृत समाजवादीले आगामी राष्ट्रिय महाधिवेशन काठमाडौँमा गर्ने भएको छ ।

आगामी माघ १४ गतेदेखि १८ गतेसम्म गर्ने भनिएको महाधिवेशनको स्थान भने अहिलेसम्म टुङ्गो लागेको छैन । सबै जनवर्गीय सङ्गठनको अधिवेशन सम्पन्न हुन नसकेकाले आगामी मंसिरको दोस्रो सातामा अधिवेशन सम्पन्न गर्ने निर्णय भएकाले महाधिवेशन प्रतिनिधि छनौटका मापदण्ड सम्बन्धी कार्यविधि तर्जुमा गर्न लागिएको छ ।

पछिल्लो केन्द्रीय कार्यसमितिको बैठकको सुझावअनुसार अधिकांश युवालाई पार्टीमा आकर्षित गर्न केन्द्रीय कार्यसमितिमा उनीहरूको सहभागिता बढाउने, अल्पसङ्ख्यक, दलित, सिमान्तकृत र पिछडिएका समुदायको प्रतिनिधित्वलाई समावेशी गराउने तथा वैचारिक दृष्टिकोणलाई परिमार्जन गर्ने गरी विधान संशोधनका लागि गृहकार्य भइरहेको महासचिव घनश्याम भुसालले जानकारी दिनुभयो ।

पार्टीले अवलम्बन गर्ने वैचारिक दृष्टिकोण र जनताको बहुदलीय जनवादको सान्दर्भिकताबारे छलफल गर्ने सो महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ । महाधिवेशन अगावै युवालक्षित कार्यक्रम सञ्चालन गर्ने पनि पार्टीले जनाएको छ । रासस

# स्वास्थ्य क्षेत्रका सबै रणनीति पास भएका छन् : मन्त्री बस्नेत

पाटन ।स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले १६ वर्षदेखि पास हुन नसकेका स्वास्थ्य क्षेत्रका सबै रणनीति पास भइसकेकोबताउनुभएकोछ।स्वास्थ्य मन्त्रालयद्वारा बुधबार ललितपुरमा आयोजित 'सुआहारा बहुक्षेत्रीय पोषण कार्यक्रम'अन्तर्गत दोस्रो चरणको सिकाइ तथा उपलब्धिको समीक्षा कार्यक्रममा उहाँले आफू स्वास्थ्यमन्त्री भएर आएपछि स्वास्थ्य क्षेत्रको सुधारका लागि गरेको प्रयासबारे जानकारी गराउँदै धेरै सुधारमा काम गरे पनि अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो ।

"१६ वर्षदेखि स्वास्थ्य क्षेत्रका रणनीति पास हुनसकेका थिएनन् । म आएपछि ती सबै पास गरेर काम गर्ने वातावरण बनाएको छु। अहिले एउटा पनि बाँकी छैनन्", मन्त्री बस्नेतले भन्नुभयो, "सुआहारा परियोजनाले स्वस्थ जीवनशैलीको कुरा गर्छ । हामीले अरुलाई स्वास्थ बनाउन आफू स्वस्थ्य रहनुपर्छ। एउटा मान्छे स्वास्थ नहुँदा परिवारका साथै समाजलाई पनि असर पर्छ । हामीले राम्रो कामको सुरुवात आफैँबाट गर्ने हो ।"

उहाँले बाल मृत्युदर घटाउन स्वस्थ्य क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेको धारणा राख्नुहुँदै बच्चालाई कुपोषणबाट बचाउन गर्भदेखि नै हेरचाह गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्री बस्नेतले समाजको तल्लो तह, दुर्गम बस्तीसम्म गएर गरेको सुआहारा कार्यक्रम परियोजनाका कार्यक्रमले सकरात्मक सन्देश दिइरहेको तर्क गर्नुभयो ।

स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीको तथ्याङ्कमा ३३ हजार कर्मचारी भए पनि व्यवहारिक काममा २७/२८ हजार मात्रै रहेको जनाउँदै मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको कमी रहेको बताउनुभयो । "तथ्याङ्कमा ३३ हजार कर्मचारी भए पनि व्यवहारिक काममा २७/२८ हजार मात्रै छन्", उहाँले भन्नुभयो, "स्वास्थ्य, शिक्षा निःशुल्क भनेर संविधानमा लेखिएको छ । अहिले पनि प्रभावकारी काम हुन सकेको छैन । राम्रो काम गर्नेलाई सम्मान र नगर्नेलाई निगरानी गरेर सुधार्न लागि परेका छौँ ।"

जनताको सेवामा स्थापित स्थानीय पालिकाका स्वास्थ्य संस्थालाई आवश्यकपर्ने स्वास्थ्य उपकरण मन्त्रालयले प्राथमिकता दिएर उपलब्ध गराउने मन्त्री बस्नेतको भनाइ थियो । उहाँले स्वास्थ्य क्षेत्रमा थाहा नभएको/नजानेको काम विज्ञसँग सिक्नुपर्ने भन्दै मन्त्रालयले एक दिनमा कम्तीमा एउटा मात्रै भए पनि राम्रो काम गर्नुपर्छ भन्ने मान्यताका साथ अघि बढेको बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयका



अतिरिक्त सचिव दिपेन्द्ररमण सिंहले सुआहारा परियोजना स्वास्थ्य क्षेत्रको एक सफल कार्यक्रम भएको बताउनुभयो । यो परियोजनाले तीन सय ८० भन्दाबढी स्थानीय तहका नागरिकको घरदैलोमा पुगेर जनस्वास्थ्यको विषयमा सचेत गराउन सकेको बताउँदै उहाँले सरकार र नागरिकलाई जोड्न कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको धारणा राख्नुभयो ।

स्वास्थ्य सेवा विभागकी महानिर्देशक सङ्गीता कौशल मिश्रले सुआहारा कार्यक्रमले महिला स्वास्थ स्वयंसेविकामा सकरात्मक प्रभाव पारेको भन्दै नेपालको स्वास्थ्य प्रणालीमा सुधार ल्याएको बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सामाजिक विकास महाशाखा सहसचिव डा किरण रुपाखेतीले कार्यक्रम नेपालको स्वास्थ्य क्षेत्रलगायतका क्षेत्रमा काम गर्ने एक भरपर्दो साझेदार भएको बताउनुभयो । सन् २००६ देखि सुरु भएको यो परियोजनाको दोस्रो चरणको कार्यक्रम सम्पन्न भएको बताउँदै उहाँले तेस्रो बहुपक्षीय पोषण कार्यक्रम परियोजनाको ड्राफ्ट गरेर मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पठाइएको जानकारी दिनुभयो । रासस


## Sakhuwanankarkatti Rural Municipality

office of The Rural Municipal Executive

Sakhuwanankarkatti, Siraha

Madhesh Province, Nepal

**Bid Cancellation Notice**

**Date Of Publication 2080/07/23**

The bid published on Janakpur Today National Daily Newspaper on 2080-03-01 and epg portal www.bolpatra.gov.np under notice no 09/NCB/SRM/079/80 has been cancelled as per clause 37.1 of section 1: Instruction to bidders of the bidding document.



**मधेश प्रदेश सरकार**

## उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय,

**जनकपुरधाम, धनुषा**

**स्तरवृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी संशोधित सूचना**

**पुन सूचना प्रकाशन मितिः २०८०/०७/२२**

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४० बमोजिम स्तर वृद्धिको लागि यस ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय र मातहतका डिभिजन कार्यालयमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदनसाथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र नेपाल इन्जिनियरिङ्ग सेवा जियोलोजी समूह हा.जी. उपसमूह तथा इन्जिनियरिङ्ग सेवा सिभिल इन्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूह र इरिगेशन उपसमूह तथा इन्जिनियरिङ्ग सेवा इन्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूह र इरिगेशन उपसमूहतथा ऊर्जा प्रविधि समूहका छैठौं र आठौं तहमा स्तरवृद्धि हुने योग्यता पुगेको उम्मेदवारहरुले यस कार्यालयको website:- https://mowsed.madhesh.gov.np/ मा उपलब्ध फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि स्तरवृद्धि समितिको मिति २०८०/०७/१९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

- स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधी पुगेको प्रमाण खुल्ने कागजात (नियुक्ती पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी)
- कम्तिमा तीस कार्यदिनको सेवासँग सम्बन्धी विषयमा सेवाकालिन तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- पछिल्लो तीन आ.व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना ।

# युक्रेनसँग ईयू सदस्यता औपचारिक वार्ता सुरु गर्न ब्रसेल्सको सिफारिस

**एएफपी**

ब्रसेल्स । युरोपेली सङ्घ (ईयू) को कार्यकारी शाखा, ब्रसेल्सले बुधबार सदस्य राष्ट्रहरूलाई युक्रेन र मोल्दोभासँग औपचारिक सदस्यता वार्ता गर्न र जर्जियालाई उम्मेदवारको दर्जा दिन सिफारिस गरेको छ।

यो घोषणा रूसको आक्रमणको सामना गर्न कीभको लागि समर्थनको एक महत्वपूर्ण आधार भएको छ। यद्यपि, यस निर्णयमा ईयूका २७ नेताले डिसेम्बरमा हुने शिखर सम्मेलनको निर्णयमा हस्ताक्षर गर्न बाँकी छ।

युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले भन्नुभयो, "आज ऐतिहासिक दिन हो। आयोगले परिषदलाई युक्रेन र मोल्दोभासँग विलय वार्ता खोल्न सिफारिस गरेको छ। युक्रेन र मोल्डोभाले औपचारिक रूपमा सुरु हुने मिति तोक्नुअघि नै थप सुधारको काम पूरा गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले आफ्नो कार्यपालिकाले मार्च २०२४ मा प्रगतिको बारेमा अद्यावधिक जारी गर्ने बताउनुभएको छ।

भोन डेर लेयेनले भन्नुभयो, "युक्रेनले रूसको आक्रमणबाट उत्पन्न ठूलो कठिनाइ र त्रासदीको सामना गरिरहेको अवस्थामा



युक्रेनीहरूले आफ्नो देशमा गहिरो सुधार गरिरहेका छन्। उनीहरूको अस्तित्वको युद्ध लडिरहेका छन् ।" युक्रेनले सन् २०२२ मा मस्कोको चौतर्फी आक्रमणपछिका दिनहरूमा युरोपेली सङ्घको हिस्सा बन्ने प्रयास सुरु गरेको थियो र सोही वर्षको जुनमा आधिकारिक रूपमा सामेल हुने उम्मेदवारको नामाकरण गरिएको थियो।

त्यस समयमा आयोगले वार्ता सुरु हुनुअघि भ्रष्टाचार नियन्त्रण र कुलीन वर्गको शक्तिलाई नियन्त्रण गर्नेलगायत सात वटा सुधारका मापदण्ड पूरा गर्ने लक्ष्य राखेको थियो। भोन डेर लेयेनले युक्रेनले ९० प्रतिशतभन्दा बढी आवश्यक कदम चालेको बताउनुभएको छ। मस्कोले आफूलाई अस्थिर पार्न खोजेको आरोप लगाउँदै आएको मोल्दोभाले युक्रेनसँग एकै समयमा सामेल हुनका लागि आफ्नो सहमति दर्ता गरेको थियो। माल्दोभालाई सदस्यताका लागि प्रक्रिया पूरा गर्न गर्नुपर्ने सुधारबारे जानकारी गराइएको थियो।

सरकारको नीतिगत दिशाको बारेमा चिन्ताको कारण जर्जियाले आफ्नो सदस्यतालाई अन्य दुई राष्ट्रसँग उम्मेदवारको दर्जा जित्न असफल भएको छ। तर आयोगले अन्य सुधारहरू लागू गर्ने समझदारीमा सामेल हुन अब यसलाई आधिकारिक उम्मेदवार बनाउनुपर्छ भनेको छ। डिसेम्बरमा आधिकारिक रूपमा उम्मेदवार बनेको बोस्निया वार्ता सुरु गर्न स्पष्ट समर्थन प्राप्त गर्न असफल भएको छ।

तर भोन डेर लेयेनले भन्नुभयो,"हामी सदस्यताका लागि धेरै विस्तृत तयारी थाल्छौं र बोस्निया हर्जेगोविनालाई पनि निमन्त्रणा गर्छौं।"

"सदस्यताको लागि निःसन्देह रूपमा बोस्निया हर्जेगोभिनामा केही सुधार हुनुपर्दछ, परिणामहरू देखाउनु पर्छ, तर सदस्यताका लागि अब धेरै फराकिलोसँग ढोका खोलिएको छ," उहाँले भन्नुभयो।

युद्धग्रस्त युक्रेनले वार्ता सुरु गरे पनि युरोपेली सङ्घमा सामेल हुन दशकौंसम्म नभएको सुधारको कठिन प्रक्रियाको सुरुआत युद्धका समयमा भएको छ। टर्कीले सन् २००५ मा एकीकरण वार्ता सुरु गरेको थियो। अल्बानिया, मोन्टेनेग्रो, नर्थ म्यासेडोनिया र सर्बिया पनि वार्तामा अड्किएका छन्।

# निसान र रेनोको 'पुनःसन्तुलन' सहकार्य शुरू

**एएफपी**

पेरिस। फ्रान्सेली कारनिर्माता कम्पनी रेनो र जापानी साझेदार निसानले २४ वर्ष पुरानो चट्टानी साझेदारीलाई पुनः स्थापित गर्ने प्रयास गर्दै बुधबार औपचारिक रूपमा आफ्नो 'पुनःसन्तुलन' सहकार्य' सुरुवात गरेका छन्।

कम्पनीहरूले फेब्रुअरीमा आफ्नो साझेदारीको घोषणा गरेका छन्, जसमा जापानी कार निर्माता कम्पनी मित्सुबिशी पनि समावेश छ। पछिल्लो सहमति अनुसार रेनोले आफ्नो प्रमुख स्थान छोडेपछि तीन वटै कम्पनीको हैसियत समान स्तरमा रहने घोषणा गरिएको छ।

रेनो ग्रुप र निसानबीच भएको नयाँ सहकार्य सम्झौता नोभेम्बर ८ देखि लागू हुने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। "रेनो समूह, निसान र मित्सुबिशी मोटर्सका लागि यो निकै महत्वपूर्ण कदम हो," नयाँ गठबन्धनका अध्यक्ष ज्याँ डोमिनिक सेनार्डले भन्नुभयो।

उहाँले भन्नुभयो, "यो सम्झौताले नयाँ निष्पक्ष, दीर्घकालीन र प्रभावकारी साझेदारीको जग बसाल्छ, जसले एलायन्सका प्रत्येक सदस्य र हाम्रा सबै सरोकारवालाका लागि मूल्य सिर्जना गर्नेछ।" यो साझेदारी सन् २०१९ मा सुरु भएको थियो। साझेदारीका कारण रेनोले निसानलाई आर्थिक सङ्कटबाट बचाएको थियो।

सन् २०१६ मा मित्सुबिशी मोटर्स र निसानले आफ्नो सङ्घर्षरत जापानी प्रतिद्वन्द्वीमा ३४ प्रतिशत हिस्सा लिएको थियो। तर सन् २०१५ मा फ्रान्सेली सरकारले रेनोमा आफ्नो हिस्सा बढाएपछि तनाव उत्पन्न भएको थियो। यसलाई पछि घटाइएको छ र गठबन्धनको मामिलामा हस्तक्षेप गर्ने सरकारको क्षमतालाई सीमित गर्ने सहमति भएको छ।

सन् २०१८ मा निसानका मालिक कार्लोस घोसनलाई जापानमा पक्राउ गरेपछि एकता फेरि विवादित भएको थियो। सन् २०१९ मा अभियोजनबाट बच्नका लागि बर्खास्त भई लेबनान भागेका घोसनले आफूमाथि लागेको आरोप जापानी र फ्रान्सेली कार निर्माता कम्पनीलाई नजिक ल्याउनबाट रोक्नका लागि लगाइएको दाबी गर्नुभएको छ।

कम्पनीहरूले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "नयाँ गठबन्धनले नयाँ सन्तुलित, निष्पक्ष र प्रभावकारी शासनका लागि जग बसाल्छ।" सम्झौताअनुसार रेनोले जापानी कार निर्माता कम्पनीमा आफ्नो हिस्सा ४३.४ प्रतिशतबाट घटाएर १५ प्रतिशतमा झारेको छ। रेनो र निसानको मताधिकार १५ प्रतिशतमा सीमित गरिएको छ।

निसानले यसै वर्षको सुरुमा रेनोको नयाँ विद्युतीय सवारी साधन उद्यम, एम्पियर, ६० मिलियन यूरो (६४ करोड अमेरिकी डलर) लगानी गर्ने घोषणा गरेको थियो। मित्सुबिशीले एम्पियरमा २०० मिलियन यूरो थपेको छ। रेनोका प्रमुख कार्यकारी लुका डे मेओले भन्नुभयो, "हामी अब व्यावहारिक र व्यवसाय उन्मुख दृष्टिकोणका साथ गठबन्धनको यो नयाँ युगमा प्रभावकारी रूपमा प्रवेश गर्दैछौं।"

निसानका प्रमुख कार्यकारी अधिकृत माकोटो उचिदाले भन्नुभयो, "यो समान आधारमा, निसानले हाम्रो मुख्य दक्षताको दोहन जारी राख्नेछ र हाम्रो व्यापार रणनीतिलाई समर्थन गर्ने थप वृद्धिका अवसरहरूको खोजी गर्न थप चुस्त हुनेछ।"

# उत्तर कोरियाली हतियार रुसलाई हस्तान्तरण भएकामा जी-७ ले गर्‍यो कडा निन्दा



**एएफपी**

टोक्यो । जी-७ का विदेशमन्त्रीहरूले उत्तर कोरियाली हतियार रुसलाई हस्तान्तरण भएकामा 'कडा निन्दा' गरेको जापानले बुधबार बताएको छ।

जापानको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, "उत्तर कोरियाको लगातारको ब्यालेस्टिक मिसाइल प्रक्षेपणका साथै रुसलाई हतियार हस्तान्तरणप्रति जी-७ का विदेशमन्त्रीहरूले कडा निन्दा गर्नुभएको छ, यसले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रासङ्गिक प्रस्तावहरूको उल्लङ्घन गरेको छ।" युक्रेनसँगको युद्धमा प्रयोग गर्नका लागि उत्तर कोरियाले रुसलाई १० लाखभन्दा बढी तोप प्रदान गरेको र त्यसको बदलामा प्योङ्याङले स्याटेलाइट प्रविधिमा सल्लाह लिइरहेको देखिएको सोलको जासुसी एजेन्सीलाई उद्धृत गर्दै दक्षिण कोरियाका एक सांसदले यसै महिनाको सुरुमा बताएका थिए।

दुवै देशका नेताहरू किम जोङ उन र भ्लादिमिर पुटिनले सेप्टेम्बरमा रुसको सुदूर पूर्वमा एउटा उच्चस्तरको शिखर सम्मेलन आयोजना गर्नुभएको थियो। त्यसपछि प्योङ्याङले मस्कोलाई हतियार प्रदान गर्न सुरु गरेको वासिङ्टनले दावी गरेको थियो।


# इन्टरनेट र फोन सेवाबाट एक करोड अस्ट्रेलियाली बञ्चित

**एएफपी**

सिड्नी। मुलुकको सबैभन्दा ठूलो सञ्चार कम्पनीमध्येको एउटा कम्पनीमा अज्ञात अवरोधका कारण बुधबार एक करोडभन्दा बढी अस्ट्रेलियाली इन्टरनेट र फोन सेवाहरूबाट बञ्चित भएका छन्।

उक्त रहस्यमय गडबडीका कारण इलेक्ट्रोनिक भुक्तानी प्रणाली क्षतिग्रस्त हुँदा एम्बुलेन्स र प्रहरीले प्रयोग गर्ने फोन लाइन अवरुद्ध भए भने मुलुकको सबैभन्दा ठूलो सहर मेलबर्नमा भीडभाड हुने रेलहरूकेही समयका लागि रोकियो।

सिङ्गापुरको दूरसञ्चार कम्पनी सिङ्गटेलको सहायक कम्पनी अप्टसले बुधबार दिउँसो 'केही' सेवाहरू पुनःस्थापित गरिएको बताएको छ। यद्यपि उसले गडबडीको कारणबारे बताउन सकेको छैन। "हाम्रो टोलीले अहिले पनि सम्भावित मार्गमा काम गरिरहेको छ, हामीसँग धेरै परिकल्पना थिए र अहिलेसम्म हामीले जति परीक्षण



गर्‍यौं र नयाँ कार्य गर्‍यौं तिनीहरूले मूल समस्याको समधान गर्न सकेका छैनन्", कम्पनीका प्रमुख कार्यकारी केली बेयर रोजमरिनले राष्ट्रिय प्रसारक एबिसीलाई भन्नुभयो, "मूल समस्या र पुनःस्थापनाको समय थाहा भएपछि हामी चाँडोभन्दा चाँडो सबैलाई अपडेट गराउने छौं।"

उहाँले ह्याकिङका कारण सेवा अवरुद्ध भएको कुनै सङ्केत दिनुभएन। ठिक एक वर्ष पहिला साइबर आक्रमणमा ९० लाखभन्दा ग्राहकको व्यक्तिगत डाटा चोरी भएको थियो। छुट्टै विज्ञप्तिमा कम्पनीले सबै सेवाहरू पुनः सञ्चालन गर्न केही घन्टा लाग्न सक्ने बताएको छ। अस्ट्रेलियाली सरकारले मोबाइल फोन, ल्यान्डलाइन र ब्रोडब्यान्ड इन्टरनेट प्रभावित भएको बताएको छ।

एक करोडभन्दा बढी ग्राहक भएको अस्ट्रेलियाको दोस्रो सबैभन्दा ठूलो दूरसञ्चार कम्पनी अप्टसले स्थानीय समयानुसार बिहान करिब ४:०५ बजे सेवा अवरुद्ध भएको थाहा पाएको बताएको छ। इन्जिनियरहरूले समस्या समाधान गर्न प्रयास जारी राख्दा नौ घन्टासम्म व्यापक समस्याहरूले अप्टस नेटवर्कलाई दुःख दियो।

# गाजा युद्धविराम र बन्धकको रिहाई गर्न कतारद्वारा मध्यस्थता

**एएफपी**

पेरिस। छोटो युद्धविरामको बदलामा गाजामा बन्धक बनाइएका १० देखि १५ जना व्यक्तिको सम्भावित रिहाईका लागि कतारले इजरायल र हमासबीचको वार्तामा मध्यस्थता गरिरहेको वार्ताबारे जानकार एक स्रोतले बुधबार जानकारी दिएको छ।

"एक वा दुई दिनको युद्धविरामको बदलामा १०-१५ जना बन्धकको रिहाईका लागि अमेरिकासँगको समन्वयमा कतारी नागरिकको मध्यस्थतामा वार्ता जारी छ," वार्ताको संवेदनशीलताका कारण नाम नबताउने शर्तमा स्रोतले भन्यो।

प्यालेस्टिनी लडाकू समूहले अक्टोबर ७ मा गरेको आक्रमणमा एक हजार ४०० भन्दा बढीको मृत्यु हुनुका साथै २४० भन्दा बढीलाई बन्धक बनाइएको इजरायली अधिकारीहरूले बताएका छन्।

गाजामा इजरायलको जवाफी कारबाहीमा १० हजार ५६९ जनाको मृत्यु भएको हमासद्वारा सञ्चालित प्यालेस्टिनी क्षेत्रको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

कतारले हमासको कब्जामा रहेका चार जना बन्धक (दुई इजरायली र दुई अमेरिकी) लाई हालैका हप्ताहरूमा सुपुर्दगी गर्न वार्ता गर्दै तीव्र कूटनीतिमा संलग्न रहेको छ।

धनी खाडी राष्ट्र कतार प्यालेस्टिनी मुद्दाको कट्टर समर्थक रहेको छ र गाजाको इस्लामी शासकहरू हमाससँग सञ्चारको खुला च्यानलहरू छन्।

# श्रीलङ्कामा डेङ्गुबाट सङ्क्रमितको संख्या ७० हजार नाघ्यो, ४३ जनाको मृत्यु

**एएफपी**

कोलोम्बो। श्रीलङ्कामा बुधबार बिहानसम्म डेङ्गुका बिरामीको सङ्ख्या ७० हजार नाघेको स्वास्थ्य मन्त्रालयको महामारी एकाइले आफ्नो वेबसाइटमा जानकारी दिएको छ। यो बर्षको शुरूदेखि नोभेम्बर ८ सम्ममा ७० हजार १७८ जनामा सङ्क्रमण पुष्टि भएको र सबैभन्दा बढी कोलम्बो जिल्लामा १४ हजार ८८४ जनामा सङ्क्रमण पुष्टि भएको थियो।

एकाइका अनुसार यस वर्ष हालसम्म डेङ्गुका कारण ४३ जनाको मृत्यु भएको छ। वर्षायामका कारण डेङ्गुका बिरामीको सङ्ख्या बढ्दै गएको बताउँदै स्वास्थ्य अधिकारीहरूले आफ्नो वरपरको वातावरण सफा राख्न र लामखुट्टेको प्रजनन स्थल नष्ट गर्न आग्रह गरेका छन्।

# अमेरिकासँग 'सबै तहमा' सम्बन्ध सुधार गर्न चीन तयार छ- उपराष्ट्रपति

**एएफपी**

सिङ्गापुर। चीनका उपराष्ट्रपति हान झेङले बुधबार अमेरिकासँग 'सबै तहमा' कुराकानी गर्न चीन तयार रहेको बताउनुभएको छ। आगामी साता सान फ्रान्सिस्कोमा चिनियाँ राष्ट्रपति सी जिनपिङ र उहाँका अमेरिकी समकक्षी जो बाइडेनबीच अपेक्षित शिखर सम्मेलन हुनुभन्दा अघि उहाँको यस्तो धारणा आएको हो।

सिङ्गापुरमा ब्लुमबर्ग न्यु इकोनमी फोरममा उपराष्ट्रपति झेङले बेइजिङ र वासिङ्टनबीच हालैको उच्चस्तरीय बैठकहरूले सम्बन्धमा सुधार भइरहेको 'सकारात्मक सङ्केत' दिएको बताउनुभयो। "हामी सबै तहमा अमेरिकासँग सञ्चार र संवादलाई सदृढ बनाउन, पारस्परिकरूपमा लाभदायक सहयोगलाई अघि बढाउन, मतभिन्नताहरूलाई उचितरूपमा



व्यवस्थापन गर्न र संयुक्तरूपमा वैश्विक चुनौतीहरूको समाधान गर्न तयार छौं", उहाँले भन्नुभयो।

निर्यात नियन्त्रण, मानवअधिकार र राष्ट्रिय सुरक्षालगायत थुप्रै मुद्दामा वासिङ्टन र बेइजिङबीचको सम्बन्ध हालैका वर्षमा उनीहरूको सबैभन्दा निम्तस्तरमा पुगेको छ। तर दुवै पक्ष कुराहरू मिलाउन इच्छुक रहेको देखिन्छ। वासिङ्टनले सञ्चारलाई सुदृढ बनाउन यसै वर्ष थुप्रै शीर्ष अधिकारीहरूलाई बेइजिङ पठाएको छ। अमेरिकी राष्ट्रपति बाइडेनले 'रचनात्मक' वार्ताका लागि आगामी साता सान फ्रान्सिस्कोमा शिखर सम्मेलनका अवसरमा चिनियाँ नेता सीसँग भेट हुने आफूले अपेक्षा गरेको बताउनुभएको छ।

# इन्डोनेसियाको बान्दा सागरमा ७.१ म्यागिनच्युडको भूकम्प

**एएफपी**

जाकर्ता । इन्डोनेसियाको बान्दा सागरमा बुधबार सात दशमलव एक म्याग्निच्युडको भूकम्प गएको अमेरिकाको भूगर्भ सर्वेक्षण (युएसजिएस) ले जनाएको छ। भूकम्पबाट जनधनको क्षतिबारे तत्काल कुनै समाचार आएको छैन।

युएसजिएसका अनुसार भूकम्पका लागि कुनै पनि सुनामी जारी गरएको थिएन। प्रारम्भमा स्थानीय समयअनुसार बिहान ११:५३ बजे छ दशमलव नौ म्याग्निच्युडको भूकम्प आएको बताइएको थियो। इन्डोनेसियाली मौसम विज्ञान, जलवायु र भूभौगर्भिक एजेन्सी (बिएमकेजी) का अनुसार मुलुकको तनिमबार टापु समूहको सौमलाकी सहरमा भूकम्पको कम्पन मध्यमरूपमा महसुस गरिएको थियो।

"भूकम्प अत्यन्त तीव्र थियो तर यहाँका मानिस आत्तिएका थिएनन्, हामी भूकम्पको सामना गर्न अभ्यस्त भइसकेका छौं", सौमलाकी निवासी ल्याम्बर्ट टाटाङले एएफपीलाई भन्नुभयो, "विशेषगरेर सुनामीको कुनै खतरा छैन भन्ने थाहा भएपछि जनजीवन सामान्य भएको छ।"

प्रशान्त क्षेत्रको 'रिङ अफ फायर' मा रहेका कारण इन्डोनेसियाले लगातार भूकम्पको अनुभव गर्दछ। जापानदेखि दक्षिणपूर्वी एसिया र प्रशान्त बेसिनसम्म फैलिएको 'रिङ अफ फायर' तीव्र भूकम्पीय गतिविधिको चाप हो। गत वर्ष नोभेम्बरमा मुलुकको मुख्य टापु जाभाको घना जनसङ्ख्या भएको पश्चिमी जाभा प्रान्तमा पाँच दशमलव छ म्याग्निच्युडको भूकम्पमा छ सय दुई जनाको मृत्यु भएको थियो।

# गाजाका लागि नयाँ सहर स्वीकृत

**एएनआई**

तेल अविव। इजराइलको आन्तरिक मन्त्रालयले गाजा नजिकैको टि'कुमा (पुनर्जन्म) क्षेत्रमा नयाँ सामुदायिक बस्ती बनाउने योजना घोषणा गरेको छ। उक्त क्षेत्रमा अक्टोबर ७ मा हमासले आक्रमण गरेको थियो।

नयाँ सहरलाई 'हानुन' (दयालु) भनिने छ र यो एसडिओटी नेगेभ क्षेत्रीय परिषद्को भाग हुनेछ। उक्त सहरमा करिब पाँच सय परिवारको मिश्रित तथा धर्म निरपेक्ष जनसङ्ख्या रहने छ।

"योजनालाई स्वीकृति दिनु इजराइली दायरा (गाजा नजिकको क्षेत्र) लाई बलियो बनाउने दिशामा थप एक कदम हो", निर्माण तथा आवासमन्त्री यित्ज्याक गोल्डनोफले भन्नुभयो, "हालका दिनमा म उत्तर र दक्षिणमा सङ्घर्ष द्वन्द्वग्रस्त बस्तीहरूको भ्रमण गर्दैछु, मुलुकमा सुरक्षा र बस्ती प्रवर्द्धनको आवश्यकता छ भन्नेबारे स्पष्ट आवाज आएको छ।"

आजको स्वीकृतिले यसको जवाफ दिने र देशको निर्माणलाई अगाडि बढाउने उहाँले बताउनुभयो। "निर्माण तथा आवास मन्त्रालयले बस्तीको योजना, निर्माण, विकास र सुदृढीकरणको कामलाई निरन्तरता दिनेछ", उहाँले भन्नुभयो।

# गाजा विषयमा जी-७ को साझा धारणाको खोजी, युक्रेनलाई 'बलियो समर्थन' को वाचा

**एएफपी**

टोक्यो । जी-७ का विदेशमन्त्रीहरूले बुधबार इजराइल-हमास युद्धमा साझा सहमति बनाउन माग गर्नुभएको छ। उहाँहरूले रुससँगको युद्धमा युक्रेनका लागि आफूहरूको समर्थनमा कुनै कमी नहुने वाचा गर्नुभएको छ।

मन्त्रीहरूले टोक्योमा संयुक्त विज्ञप्ति जारी गरेर गाजामा ' मानवीय विराम' को आह्वान गर्ने तर युद्धविरामको आग्रह नगर्ने अपेक्षा गरिएको थियो।

आफ्नो पछिल्लो व्यस्त मध्यपूर्वको भ्रमणबाट बैठकमा पुग्नुभएका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले मङ्गलबार जी-७ सँग गाजा सङ्घर्षका बारेमा 'एउटै स्पष्ट आवाज' मा बोल्न आग्रह गर्नुभयो।

जापानी विदेशमन्त्री योको कामिवाकाले मङ्गलबार राति पर्याप्त र निरन्तर मानवीय सहायताको पूर्वशर्तका रूपमा जी-७ का विदेशमन्त्रीहरूलाई सम्बन्धित मुलुकहरूबाट मानवीय विराम गर्न र मानवीय पहुँच सुनिश्चित गर्नका लागि आह्वान गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। एक कूटनीतिक




स्रोतले गाजामा मानवीय आपत्काललाई ध्यानमा राख्दै प्यालेस्टिनी नागरिकका लागि मानवीय हेरचाह तुरुन्तै विस्तार गर्न आवश्यक छ भन्ने विषयमा मन्त्रीहरूबीच व्यापक एकता थियो भनेको छ।

स्रोतका अनुसार छलफलमा मानवीय विरामका बारेमा 'रचनात्मक आदानप्रदान' भएको थियो भने गाजाको भविष्य र सङ्घर्षलाई बढ्नबाट कसरी रोक्ने भन्नेबारे जी-७ र यस क्षेत्रका अन्य मुलुकहरूबीच छलफलको आवश्यकता महसुस गरिएको थियो।

युक्रेन युद्धमा जी-७ किएभलाई 'बलियो समर्थन' जारी राख्ने र रुसमाथि 'गम्भीर प्रतिबन्ध' लगाउने आफ्नो सङ्कल्पमा ' एकताबद्ध' रहेको जापानले बैठकपछि बुधबार बताएको छ। "मध्यपूर्वमा तनाव बढिरहेको भए पनि युक्रेनलाई समर्थन गर्ने हाम्रो दृढ प्रतिबद्धता कहिल्यै डगमगाउने छैन भन्ने स्पष्ट सन्देश अन्तर्राष्ट्रिय समुदायलाई पठाउनका लागि जी-७ एकताबद्ध हुनु महत्त्वपूर्ण छ", जापानी विदेशमन्त्री कामिकावाले भन्नुभयो।

युक्रेन युद्ध आफ्नो २०औं महिनामा पुगेको छ र युक्रेनलाई जवाफी हमलाबाट अग्रता दिलाउन सङ्घर्ष गर्नुपरिरहेको छ। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सङ्घर्षबाट थकान हटाउने कोसिसमा नियमितरूपमा पश्चिमी नेताहरूसँग भेटघाट गर्नुभएको छ।

# कोप-२८ : नेपालको आफ्नै 'पेभिलियन' भएपछि मुद्दा उजागर गर्ने सहज हुने

काठमाण्डु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि( युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २८औँ सम्मेलन (कोप-२८) आगामी मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख) हुँदैछ।

संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा हुन लागेको सम्मेलनको तयारीका लागि वन तथा वातावरण मन्त्रालयले तीव्र रूपमा काम थालेको छ। मन्त्रालयले सम्मेलनमा नेपालका तर्फबाट उठाउनुपर्ने विषयको तयारीका लागि जलवायु वित्त, अनुकूलन, पर्वतीय प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, हानि र नोक्सानी, लैङ्गिक, युवा, बालबालिका, जलवायु सशक्तीकरण, जलवायु परिवर्तनका असर न्यूनीकरण गरी छ बुँदामा केन्द्रित रहेर विज्ञ समूह गठन गरी सुझाव सङ्कलन गरेको छ।




यसैगरी, यस पटकको सम्मेलनमा आफ्ना कार्यक्रम गर्नका लागि नेपालले सम्मेलन परिसरमा 'पेभिलिएन' (बृहत् मण्डला) स्थापना गर्दैछ । गत वर्ष इजिप्टको सार्म अल शेख सहरमा भएको कोप-२७ सम्मेलनमा नेपालले पहिलो पटक सम्मेलन परिसरभित्र आफ्नो सम्पर्क कार्यालय स्थापना गरेको थियो ।

नेपालले आफ्नै पेभिलिएन हुने भएपछि मन्त्रालयले केही समयअघि आह्वान गरेको सूचनाबमोजिम नेपालस्थित धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम गर्नका लागि आवेदन दिएका थिए । त्यसमध्ये मन्त्रालयले छनोट गरी कार्यक्रमको अन्तिम रुपरेखा प्रदान गरेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो ।

मन्त्रालयको तालिकाअनुसार 'पेभिलिएन'मा डिसेम्बर ३ देखि ११ तारिखसम्म दैनिक चार कार्यक्रमका दरले विभिन्न विषयका ३२ भन्दा बढी कार्यक्रम हुने निश्चित भएको छ । यसरी नेपालले उजागर गर्ने विषयमा नै जोड पुग्ने गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले कार्यक्रम गर्न लागेको यो इतिहासमै पहिलोपटक हो ।

पेभिलिएनमा हुने कार्यक्रमले नेपालका मुद्दामा विभिन्न कार्यक्रम गर्न सकिने र आफ्ना मुद्दा प्रदर्शन गर्न ठूलो सहयोग पुग्ने यस क्षेत्रका जानकारहरूको भनाइ छ। यसरी कार्यक्रम गर्दा नेपालमा जलवायु परिवर्तनका समस्याले पारेको असर र समाधानका उपाय पहिल्याउन, यस सम्बन्धमा नेपालमा भएका असल अभ्यास अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्न उपयोगी हुनेछ । साथै जलवायुजन्य समस्या समाधानका लागि जलवायु वित्त जुटाउन, नेपालको वास्तविक अवस्थाका र प्रतिबद्धता जनाउन पेभिलिएन उपयोगी हुने मन्त्रालयको विकास सहायता समन्वय शाखाका उपसचिव ज्ञानेन्द्र मिश्रले जानकारी दिनुभयो ।

यस्तै पेभिलिएनमा सञ्चालन गरिने कार्यक्रमले नेपालका स्थानीय मुद्दा र जलवायु परिवर्तनले प्रभाव पारेको विषयलाई प्रमाणसहित अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न मद्दत पुग्ने प्राक्टिकल एक्सन संस्थाका जलवायु विज्ञ धर्मराज उप्रेतीले बताउनुभयो। पेभिलिएनमा नेपालीभन्दा बढी विदेशी विज्ञहरूको उपस्थिति हुने अनुमान गर्दै उहाँले यसले नेपालका मुद्दा सुनुवाइसमेत प्रभावकारी रूपमा हुने विश्वास व्यक्त गर्नुभयो।

जलवायु परिवर्तनले विभिन्न क्षेत्र र समुदायमा पारेको असरबारे विभिन्न संस्थाले फरक-फरक विषयमा फरक फरक कार्यक्रम गर्दा सरकारलाई समेत सबै विषय समेट्न सहज हुने बताइएको छ ।

सन् १९९४ मा जलवायुसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि महासन्धिका पक्षराष्ट्रको विश्वव्यापी सम्मेलन हुँदै आएको छ। सन् १९९५ मार्च २८ देखि अप्रिल ७ सम्म जर्मनीको बर्लिनमा भएको पहिलो सम्मेलन कोप-१ देखि हालसम्मका सबै सम्मेलनमा नेपालले भाग लिँदै आए पनि आफ्नै पेभिलिएन नहुँदा नेपालले अन्य देश र संस्थाका पेभिलिएनमा कार्यक्रम गर्नुपर्ने बाध्यता थियो।

पेभिलिएनको खर्च रू एक करोडभन्दा बढी भए पनि वनमन्त्री डा वीरेन्द्रप्रसाद महतोको अग्रसरतामा युएई सरकारले नेपाललाई निःशुल्क प्रदान गरेको हो । मन्त्री महतोले हालसम्मका जलवायु सम्मेलनमा नीतिनियम र आपसी समन्वयको कमीलगायत कारणले प्रभावकारी उपलब्धि हासिल गर्न नसकिएको बताउँदै आगामी दिनमा यसअघि भएका कमजोरी नहुने गरी काम भइरहेको बताउनुभयो । कार्बन व्यापारको लाभ लिने सम्बन्धमा काम गर्ने संयन्त्र, विज्ञ, प्रविधि र प्रयोगशालाको कमी रहेको उल्लेख गर्दै मन्त्री महतोले यसमा पनि पूर्ण लाभ लिने गरी तयारी सुरु गरिएको बताउनुभयो । नेपालले अन्तर्राष्ट्रियरूपमा गरेका प्रतिबद्धताअनुसारवातावरणसंरक्षण गरेको बताउँदै अब विकसित र धनी देशहरूले वाचा गरेअनुसार क्षतिपूर्ति प्रदान गर्नुपर्ने उहाँले तर्क गर्नुभयो ।

संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा हुन लागेको यो सम्मेलन अन्य दृष्टिकोणले नेपालका लागि थप महत्वपूर्ण हुने बताइएको छ । सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यही कात्तिक १२ गतेदेखि नेपालको चारदिने औपचारिक भ्रमण गर्नुभएको थियो । उहाँले भ्रमणका क्रममा जलवायु परिवर्तनको विषयलाई दिनुभएको प्राथमिकताले पनि यस सम्मेलनमा नेपाललाई आफ्ना विषय उजागर गर्न सहज हुने बताइएको छ।

कोप-२८ मा नेपालले उठाउने जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि र नोक्सानीका लागि कोषको व्यवस्थापन, हिमाल र पर्वतीय मुद्दा, उत्सर्जन कटौती र समावेशीतालगायत सवालमा केन्द्रित भई राष्ट्रिय स्थितिपत्र तयार गर्ने कार्य अन्तिम चरणमा रहेको मन्त्रालयले जनाएको छ ।रासस

# नेपाल-कोरिया साझेदारीमा जोड

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल र दक्षिण कोरियाबीचको बढ्दो व्यापार असन्तुलन कम गर्न द्विपक्षीय लगानीसम्बन्धी साझेदारीमा जोड दिनुभएको छ।

बुधबार आयोजित नेपाल कोरिया लगानी सम्मेलनलाई सम्बोधन गर्दै उहाँले कोरियाबाट नेपालतर्फ हुने आयातको तुलनामा नेपालको निर्यात निकै कम रहेकाले व्यापार सन्तुलनका लागि नेपालमा कोरियाली लगानी आवश्यक छ भन्नुभयो ।

ऊर्जा, पर्यटन, कृषि प्रशोधन र आइसिटीजस्ता क्षेत्रमा लगानी साझेदारी बढाउन सकिने भन्दै अध्यक्ष ढकालले यी क्षेत्रहरू नेपाली अर्थतन्त्रको मेरुदण्ड रहेको पनि उल्लेख गर्नुभयो ।

नेपालमा तीन सय ५० भन्दा बढी कोरियाली उद्यम रहेका जानकारी दिँदै उहाँले कोरियाका लागि नेपाल एक आकर्षक लगानी गन्तव्य भइसकेको पनि स्पष्ट गर्नुभयो । नेपालमा अत्याधुनिक कोरियाली प्रविधि भित्र्याएर नेपालको प्राकृतिक स्रोत तथा जनशक्तिको उपयोगबाट लाभ लिन सकिने अध्यक्ष ढकालको सुझाव थियो।

अध्यक्ष ढकालले कोरियाली लगानी विस्तार हुँदा कोरियालाई दक्षिण एसिया क्षेत्रकै व्यापारमा सहयोग पुग्ने र नेपालले विकासोन्मुख देशका रूपमा अर्थतन्त्रलाई विविधीकरण गर्न कोरियासँगको साझेदारी महत्वपूर्ण हुने तर्क गर्नुभयो ।

केही नेपाली बैंक कोरियामा शाखा सञ्चालनका लागि स्वीकृतिको पर्खाइमा रहेको जानकारी दिँदै औपचारिक र सहज बैकिङ्ग कारोबारले व्यापार र लगानी बढाउन सहयोग पुग्ने हुँदा त्यसलाई सकेसम्म छिटो टुङ्ग्याउन उहाँको आग्रह थियो ।रासस

# पर्यटन मन्त्रालय मातहत निकायबाट चार करोड बढी सहयोग

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मातहतका निकायबाट भूकम्पीडितका लागि सहयोग जुटाएको छ। मन्त्रालयले बुधबार प्रधानमन्त्री रहत कोषमा रू चार करोड १३ लाख ९८ हजार नौ सय ८८ सङ्कलन भएको रकम जम्मा गरेको हो ।



मन्त्रालय मातहतका विभिन्न निकायबाट जम्मा भएको रकम बुधाबर पर्यटनमन्त्री सुदन किरातीले प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' लाई हस्तान्तरण गर्नुभएको मन्त्रालयले जनाएको छ।

सहयोग रकम जम्मा गर्नेहरूमा नेपाल नागरिक उड्डयन प्राधिकरण रू एक करोड, नेपाल वायुसेवा निगम रू पच्चीस लाख, पर्यटन बोर्ड रू ५० लाख, पशुपति क्षेत्र विकास कोष रू २१ लाख २१ हजार दुई सय ११, नेपाल पर्वतारोहण सङ्घ रू एकतीस लाख ११ हजार एक सय ११, एयर डाइनेष्टी हेलिकप्टर रू एघार लाख एघार हजार एक सय ११, कैलाश हेलिकप्टर रू दश लाख रहेका छन् ।

त्यस्तै क्यासिनो मोजाङ रू पाँच लाख, क्यासिनो मोजाङ नेपालगञ्ज रू पाँच लाख, डेल्टिन क्यासिनो काठमाडौं रू पाँच लाख, क्यासिनो वेलिज काठमाडौं रू पाँच लाख, क्यासिनो प्राइड काठमाडौं रू पाँच लाख, क्यासिनो प्यालेस काठमाडौं रू पाँच लाख, क्यासिनो प्यालेस झापाले रू पाँच लाख पर्यटन मन्त्रालयमा जम्मा गरेका छन् । रासस

कृषि गणना २०७८:

# प्रदेशमा कृषिबाटै खान नपुग्ने परिवार ५६ प्रतिशत

मनहरी । बागतमी प्रदेशमा ५५ दशमलव नौ प्रतिशत परिवारलाई कृषिको आम्दानीले खानसमेत नपुग्ने गरेको पाइएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले जारी गरेको कृषि गणना २०७८ को प्रतिवेदनअनुसार यस प्रदेशमा ५५ दशमलव नौ प्रतिशतलाई कृषिको आम्दानीले खानसमेत नपुग्ने देखिएको हो । कृषि पेसा गर्ने र त्यसको आम्दानीले खान पुग्ने परिवार भने प्रदेशमा४४ दशमलव एक प्रतिशतमात्र छन् । नेपालमा भने कृषिमै आश्रित भएर पनि यसको आम्दानीले खान नपुग्ने ५५ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक बद्रीकुमार कार्कीले बताउनुभयो ।



बागमतीमा ७२ दशमलव छ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । सार्वजनिक गरिएको तथ्याङ्कअनुसार पुराना प्रविधि हराउँदै गएको छ। फलामे हलोको प्रयोग घटेको छ भने ट्र्याक्टर र पावरट्रिलर प्रयोग गर्नेको सङ्ख्यामा बृद्धि भएको छ। चौध दशमलव आठ प्रतिशत फलामे हलो, ३० दशमलव आठ प्रतिशत ट्र्याक्टर र १६ दशमलव सात प्रतिशत पावरट्रिलर प्रयोगकर्ता रहेको निर्देशक कार्कीले बताउनुभयो।

तीन दशकमा नेपालमा कृषक परिवार संख्या र कृषकले भोगचलन गरेको जग्गामा बृद्धि भए पनि सरदर दुई पटक मात्र बाली लगाएको देखिन्छ । यस प्रदेशमा १५ लाख ७० हजारभन्दा बढी घरपरिवार रहेकामा छ लाख ६८ हजार १७७ कृषक परिवार रहेको र दुई लाख ८२ हजार २९२ हेक्टर जमिन कृषिमा प्रयोग भएको उहाँले जानकारी दिनुभयो।

नेपालमा सरदर एक दशमलव ९१ प्रतिशत बाली सघनता रहे पनि प्रदेशमा भने दुई प्रतिशत अर्थात् दुई पटकसम्म बाली लगाएको पाइएको निर्देशक कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशमा बगैँचाको रूपमा आँप ५३२ हेक्टरमा, केरा एक हजार १२० हेक्टरमा, सुन्तला ६८८ हेक्टरमा, कागती ४६० हेक्टरमा, स्याउ ८० हेक्टरमा लगाइएको छ । त्यस्तै प्रदेशमा गाई भैसी पालन घट्दो छ । २०६८ को गणनादेखि नै यसको क्रम घट्दो देखिन्छ। गाईगोरु र राँगाभैसीभन्दा खसीबाखा, सुङ्गुर र बङ्गुर पाल्नेको सङ्ख्या भने धेरै बृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । प्रदेशमा उत्पादन गरिएको वस्तु सबै घरायसी उपभोग गर्ने ६६ दशमलव चार प्रतिशत कृषक छन् भने केही वस्तु बिक्री गर्ने २५ प्रतिशत, केही घरायसीका लागि राखी सबै बिक्री गर्ने सात दशमलव चार प्रतिशत र सबै वस्तु बिक्री गर्ने शुन्य दशमलव नौ प्रतिशत रहेका छन्।

युवाहरू विदेशिने भएका कारण पनि नेपालमा पछिल्लो समय कृषिमा महिलाको सङ्ख्या बढ्दो छ । विगत तीन दशकदेखीको नतिजा हेर्दा अहिले महिला कृषकको सङ्ख्या बृद्धिभएको निर्देशक कार्कीले बताउनुभयो । नेपालमा ३२ दशमलव चार प्रतिशत महिला कृषक छन् भने बागमती प्रदेशमा मुख्य कृषकको रूपमा महिला ३७ दशमलव दुई प्रतिशत र पुरुष ६५ दशमलव आठ प्रतिशत रहेका छन् । विसं२०५८ को गणनामा महिला आठ दशमलव एक प्रतिशत र पुरुष ९१ दशमलव नौ प्रतिशत कृषक थिए।

किसानको मुख्य चिन्ता भने समयमै मल, बीउ उपलब्ध नहुनुमा छ । कृषिगणनामा सहभागीमध्ये ५७ प्रतिशतले समयमै मल, बीउ उपलब्ध भए उत्पादन बढाउन सकिने बताए । त्यस्तै ४८ प्रतिशतले सिँचाईको व्यवस्था, २७ प्रतिशतले कृषि कार्यका लागि तालिमको व्यवस्था, २७ प्रतिशतले कृषि प्राविधिक सेवा सहज, २२ प्रतिशतले कृषि औजार एवं आधुनिक साधन, १८ प्रतिशतले उन्नत नश्ल सुधार र उन्नत वीउबीजन, १२ प्रतिशतले कृषि उत्पादनको उचित बजार व्यवस्था र ११ प्रतिशत कृषकले शुन्य ब्याजदर वा सस्तोमा ऋण उपलब्ध गराउन सुझाव दिएको प्रतिवेदनमा उल्लेख छ ।रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक बुधबार पाँच दशमलव १७ अङ्कले घटेर एक हजार आठ सय ६३ दशमलव ९४ को विन्दुमा कायम भएको हो ।

बुधबार दुई सय ८८ कम्पनीको ३१ लाख ५७ हजार ६२ कित्ता शेयर ३० हजार तीन सय ६४ पटक खरिदबिक्री हुँदा रु ७८ करोड २७ लाख ४३ हजार दुई सय ६४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। बुधबारको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ३८, होटल तथा पर्यटन समूह शून्य दशमलव ६४, लगानी समूह शून्य दशमलव ४३ र निर्जीवन बीमा समूह शून्य दशमलव २३ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव १६ र अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेको छ।

त्यस्तै, बैंकिङ शून्य दशमलव ३५, वित्त शून्य दशमलव ३३, जलविद्युत् शून्य दशमलव ६५, जीवन बीमा शून्य दशमलव ५१ र लघुवित्त समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ । बुधबारको कारोबारबाट सबैभन्दा धेरै ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ०७ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३८ प्रतिशतले घटेको छ।

कारोबार रकममा आधारमा आज सबैभन्दा धेरै सोनापुर सिमेन्टको रु पाँच करोड ६१ लाख ४१ हजार नौ सय ८४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन बैंक प्रमोटर शेयर चार लाख २० हजार तीन सय चार कित्ता कारोबार भएको छ। रासस


मधेश प्रदेश सरकार

ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,

डिभिजन नं.२, महोत्तरी, जलेश्वर

बोलपत्र (E-bidding) आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२२

यस खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, महोत्तरी अन्तर्गत सञ्चालित विभिन्न खानेपानी आयोजनाहरुमा चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार विभिन्न आयोजनामा एच.डि.पि.पाईप आपूर्ति कार्य बोलपत्र (E-BIDDING) द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त तथा मूल्य अभिवृद्धिकर कार्यालयमा दर्ता भएका इच्छुक आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र (ONLINE E-BIDDING) आह्वान गरिन्छ।

१. एच.डि.पि.पाईप आपूर्ति कार्यको हकमा बोलपत्र दाता आफै एच.डि.पि.पाईप उत्पादनकर्ता भएमा आफैले बोलपत्र खरीद गर्न पाउने तर बोलपत्रदाता आफै निर्माता वा उत्पादनकर्ता नभएमा सार्वजनिक खरीद नियमावली २०६४ को नियम २५ को उपनियम ३ बमोजिम एच.डि.पि.पाईप आपूर्ति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार उत्पादनकर्ताले आफूलाई एकलौटी रुपमा रितपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्र (E-BIDDING) खरीद गर्दा पेश गर्नुपर्नेछ।

२. खरिद भएको बोलपत्र यो सूचनाप्रकाशित मितिले ३१औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई PPMO website www.bolpatra.gov.np/egpon द्वारा डिभिजन कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता गराउन सकिनेछ।

३. दर्ता भएका बोलपत्रहरु यो सूचना प्रकाशित मितिले ३१औं दिन दिनको १:०० वजे बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र साथ तल उल्लेखित जमानत वापतको रकम महोत्तरी जिल्लाको जलेश्वर स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको को.ले.नि.का. को एकल धरौटी खाता नम्बर १२७०१००२०२०३००००, कार्यालय कोड ३१३००१८०१२ मा नगद जम्मा गरेको सक्कल वैंक भाउचर वा सोही रकम बराबरको मान्यता प्राप्त वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड वण्ड पेश गर्नुपर्नेछ।

५. बोलपत्र खरीद गर्ने/दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन विक्री गर्ने/दर्ता गर्ने कार्य गरिनेछ।

६. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन सहित) वमोजिम हुनेछ। अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| सि. नं. | ठेक्का नं. | आयोजना/कार्यक्रमको नाम | कामको विवरण | लगत अनुमान (भ्याट वाहेक) रु. | बोलपत्र दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | 01/NCB/HDPE Pipe/ 2080-81/WSSDO-MAHOTTARI | विभिन्नखा.पा.आ., महोत्तरीर धनुषा | एच.डि.पि.पाईप आपूर्ति कार्य | ११३६४२३८.३४ | रु. ३०००।- | ३०५०००।- |


# भूकम्पपीडितका लागि प्राधिकरणद्वारा रु एक करोड प्रदान

काठमाण्डु। जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट पीडित तथा प्रभावितहरूको उद्धार एवम् राहतका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले घोषणा गरेबमोजिमको रु एक करोडको चेक आज हस्तान्तरण गरेको छ।

प्राधिकरणका महानिर्देशक प्रदीपकुमार अधिकारीलगायत कर्मचारी बालुवाटार पुगेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुधबार बिहान उक्त रकम बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि हस्तान्तरण गर्नुभएको जानकारी नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता जगन्नाथ निरौलाले दिनुभयो।

जाजरकोट केन्द्रविन्दु भएर गत शुक्रबार गएको भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममामा गरी एक सय ५३ जनाको मृत्यु भएको छभने दुई सय ५० भन्दा बढी घाइते भएका छन् । घाइते तथा स्थानीय पीडितका लागि विभिन्न सरकारी निकाय एवं सङ्घसंस्थाले सहयोग उपलब्ध गराउने क्रम जारी रहेको छ। रासस

# अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन सुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बुधबारदेखि अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन सुरु भएको छ।

सम्मेलनको उद्घाटन गर्दै स्वामी आनन्द अरुणले विश्वमा देखापरेका जटिल स्वास्थ्य समस्या समाधानमा आयुर्वेद चिकित्सा पद्धति सहयोगीसिद्ध हुनसक्ने भन्दै यसको प्रवर्द्धनका लागि सबैले ध्यानदिनुपर्नेमा जोड दिए। नेपाल वैदिक सनातन धर्म परम्पराको देशमात्रै नभएर आयुर्वेदकोसमेत पवित्रभूमि रहेको भन्दै उनले यहाँको परम्परागत चिकित्सा, बहुमूल्य जडीबुटीहरुको उचित प्रयोग हुनसके नेपाल र सिङ्गो मानवजगत लाभान्वित हुनसक्ने बताए।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पठाउनुभएको शुभकामना सन्देश मरिससबाट आउनुभएका डा. ज्ञानेश्वर सिंहले वाचन गरेका थिए । सन्देशमा प्रधानमन्त्रीले आयुर्वेद परम्परादेखि दिमाग, शरीर र आत्माबीचको सन्तुलन कायम गर्नका लागि परापूर्वकालदेखि नै महत्वपूर्ण माध्यम बनिरहेको भन्दै विश्व मानवकल्याणका लागि आदिम आयुर्वेद परम्पराको संरक्षण, त्यसको समयसापेक्ष गुणस्तरीय विकास तथा नियमन जरुरी रहेको बताएका छन्।

विश्वका १७ देशबाट आएका आयुर्वेदका जानकारसहित करिब छ सय जना सहभागी रहेको सम्मेलनमा आधुनिक चिकित्सा प्रणालीमा आयुर्वेदको महत्व, आयुर्विज्ञानका क्षेत्रमा भएका अध्ययन, अनुसन्धानबारे छलफल हुने बताइएको छ।

सम्मेलनमा पूर्व स्वास्थ्यमन्त्री एवं नेकपा माओवादी केन्द्रका नेता गिरिराजमणि पोखरेलले आयुर्वेदको सम्भावना नेपालमा व्यापक भएकाले यस्ता प्रकारको अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनले आयुर्वेदको विकास तथा विस्तारमा ठूलो मद्दत पुग्ने आशा व्यक्त गरे।

सम्मेलन आयोजक संस्थाका संयोजक डा. राकेश कुमार सिंहले सम्मेलनमा आयुर्वेदका पुराना ८ उपचार विधि तथा नयाँ १४ वटा उपचार पद्धतिका विषयमा तीन दिनसम्म विज्ञहरूकाबीचमा संवाद, बहस, शोधपत्रको प्रस्तुति हुने बताए।

ब्रह्मभूमि आर्युविज्ञान अनुसन्धान संस्थानका अध्यक्ष दिनेश सिंहको अध्यक्षतामा भएको अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का, भुटान, दक्षिण कोरिया, अमेरिका, फ्रान्स, रसिया, माल्दीभ्स, मोरिसस, अष्ट्रेलिया सहितका १७ देशको सहभागिता रहेको छ।

उद्घाटन कार्यक्रममा जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णव, भारतका प्राध्यापक पि के प्रजापति, प्राध्यापक हरिशंकर शर्मा सहितको सहभागिता रहेको थियो।

ब्रम्हभूमि हेल्थ रिसर्च सेन्टर, नेपाल आरोग्य सङ्गठन, ब्रम्हभूमि आयुर्विज्ञान अनुसन्धान संस्थानले संयुक्तरुपमा सम्मेलन आयोजना गरेको छ।

## प्रदेश सरकार पनि संघर्षमा

# प्रहरी समायोजन र निजामती ऐन प्रमुख एजेण्डा

**संजीवकुमार झा**

जनकपुरधाम । प्रहरी समायोजन गर्नका लागि दबाब दिन मधेश प्रदेश सरकारले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाउने भएको छ । जनकपुरधामस्थित मधेश भवनमा प्रदेश सरकारले बुधबार पत्रकार सम्मेलन गरी प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने जानकारी गराएको छ।




मुख्यमन्त्री सरोज कुमार यादवले निजामती ऐन र प्रहरी समायोजनका लागि संघीय सरकारलाई एक महिने अल्टिमेटम दिँदै ज्ञापनपत्र बुझाउने बताए । उनले एक महिनाभित्र माग पूरा नगरे संघीय सरकारविरुद्ध आन्दोलन गर्ने चेतावनी दिए।

उनले भने,- 'यसअघि पनि संघीय सरकारलाई पटक पटक प्रदेश सरकारले दबाब दिएको छ। तर यो पटक आरपारको आन्दोलन गर्छौं।' आन्दोलन कस्तो हुन्छ भन्ने जिज्ञासामा मुख्यमन्त्री यादवले भने, 'संघीय राजधानी र जनकपुरधाममा मात्रै होइन्, गाउँ गाउँमा आन्दोलन हुन्छ।' उनले निजामती ऐन र प्रहरी समायोजनका लागि प्रतिपक्षी दलको पनि साथ रहेको बताए।

आफ्नो छुट्टै कर्मचारी, प्रहरी प्रशासन र साधनस्रोत नहुँदा आवश्यकता अनुसार काम गर्न नसकेको मुख्यमन्त्री यादवले बताए।

प्रहरी समायोजन र निजामती कर्मचारी ऐनका लागि मुख्यमन्त्री यादव, भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा यादव र माओवादी केन्द्रका नेता भरत प्रसाद साह कार्तिक १३ मा प्रधानमन्त्रीसंग भेटेका थिए । प्रधानमन्त्रीले सदनको आगामी बैठकमा प्रहरी समायोजन र निजामती कर्मचारी ऐन बारे छलफल गर्ने आश्वासन दिए पनि कार्तिक १६ मा बसेका संघीय संसदमा यी दुबै विषयले भने प्रवेशन नै पाएका थिएन्।

प्रधानमन्त्री संगको भेटमा मुख्यमन्त्री यादवसहितको टोलीले प्रधानमन्त्रीलाई प्रहरी समायोजन हुन नसकेपछि प्रदेश सरकारको औचित्य नभएको र यसले प्रदेश सरकारप्रति आम जनताको निराशा बढेको बताएका थिए।

यस अघि पनि प्रहरी समायोजनका लागि अन्तिम अल्टिमेटम दिन भनी प्रदेशका सातवटै आन्तरिक मामिला (गृह) तथा सञ्चार मन्त्रीहरु साउनको पहिलो साता काठमाण्डु पुगेका थिए । उनीहरु तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवादेखि सत्ता गठबन्धनका सबै दलका अध्यक्षलाई भेटेर यथाशीघ्र प्रहरी समायोजनका लागि बाटो खुलाइ दिन आग्रह गरेका थिए।

तत्कालीन आन्तरिक मामिला(गृह) तथा सञ्चार मन्त्री भरत साहको अगुवाइमा सातवटै प्रदेशका मन्त्रीहरु जनकपुरधाममा सम्मेलन गर्दै जनकपुरधाम घोषणापत्र जारी गरेका थिए। घोषणापत्रमा मूलतः प्रहरी समायोजनलाई तत्काल अघि बढाउनुपर्ने माग राखिएको थियो। सोही माग लिएर उनीहरु यसभन्दा पहिला काठमाण्डु पुगेका थिए। समायोजनको प्रक्रिया अघि बढ्ने संकेत नदेखिएपछि मधेश प्रदेशमा मन्त्रीहरु आफै दुई दिन केन्द्र सरकारविरुद्ध धर्ना बसेका थिए।

केन्द्रको रवैयाविरुद्ध मधेश प्रदेशले आन्दोलनको अगुवाइ गरिसकेको छ । यसमा सातै प्रदेशको समर्थन थियो। यता, संघीय निजामती सेवा ऐन निर्माणको अन्तिम चरणमा पुगेपनि हालसम्म पारित हुन सकेको छैन्। हाल ऐनको मस्यौदा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय अर्थ मन्त्रालय र लोक सेवा आयोगवाट सुझाव लिइ मन्त्रिपरिषद्मा पठाइएको छ।

त्यस्तै, गत भदौमा बसेको प्रतिनिधिसभाको राज्य व्यवस्था समितिको बैठकबाट विधेयक पारित गरिएको थियो। फेरि सरकारले त्यसलाई परिमार्जन गरेर अन्तिम रुप दिएको छ। यद्यपि पारित नगराइ मन्त्रिपरिषद्मै थन्काइएको छ । सरकारले साउनको अन्तिममा संघीय निजामती सेवा ऐनको मस्यौदामाथि राय लिन लोक सेवा आयोग पठाएको थियो। साउन ११ गते बसेको मन्त्रिपरिषद् बैठकमा ऐनको मस्यौदा पेश भएको थियो। सो बैठकले तीनै तहका निजामती कर्मचारीको व्यवस्थापन गर्ने ऐनको विषयमा लोक सेवाको राय आवश्यक हुने भएकाले मन्त्रिपरिषद्ले रायकालागि लोक सेवा पठाउने निर्णय गरेको थियो।

असोज पहिलो साता अमेरिका र चीनको भ्रमणमा गएका प्रधानमन्त्री दाहाल असोज १३मा फर्केपछि विधेयक संसदमा पेश हुने अपेक्षा गरिएको थियो। तर, त्यसको एक महिना सम्म विधेयक संसदमा दर्ता हुन सकेन् र गत बिहीबार संसदको अधिवेशन नै अन्त्य भयो।

अधिवेशन अन्त्य भएपछि मधेश प्रदेशका मुख्यमन्त्रीलगायतका अन्य मन्त्रीहरु भने एक्सनमा आएका छन् । मधेश प्रदेश सरकार संघीय सरकारविरुद्ध आन्दोलन गर्ने जनाएको छ । प्रहरी समायोजन हुन नसकेपछि मधेश प्रदेशमा हत्या हिंसालगायतका घटनामा वृद्धि भए पनि संघीय सरकारले चासो नलिएको मुख्यमन्त्रीदेखि मधेश प्रदेशका मन्त्रीहरुको गुनासो छ । प्रहरीलाई परिचालन गर्न नसकेपछि मधेश प्रदेश सरकाको जनताबीचमा अलोकप्रियता बढ्दै गएको छ । प्रहरी संघीय सरकारको मातहतमा रहे पनि जनता प्रदेश सरकारबाट अत्यन्तै असन्तुष्ट देखिएका छन्।

# तालाबन्दीले सेवाग्राहीलाई सास्ती

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विष्णुपुर गाउँपालिका वडा नम्बर ६ मा आर्थिक अनियमितता भएको भन्दै स्थानीय एक पक्षद्वारा ९ दिन अघि गरिएको तालाबन्दी अझै खुलेको छैन।




तालाबन्दी अझै खुल्न नसक्दा अत्यावश्यक कामले वडा कार्यालय पुग्ने सेवाग्राही निराश भइ फर्किने गरेका छन् । तालाबन्दी खुलाउन पहल थालेका वडाअध्यक्ष परमानन्द यादवले आफूलाई बदनाम गर्न र राजनीति प्रतिशोध साध्न विपक्षीले तालाबन्दी गर्दा सेवाग्राही मारमा परेको भन्दै सत्यतथ्य बुझी तालाबन्दी खुलाउन पहलका लागि सबैसंग आग्रह गरेका छन्।

पाखरी ठेक्का, जीर्णोद्धार, फर्निचर खरिद, ग्राभेल सडक निर्माण तथा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलगायतका शीर्षकमा वडाअध्यक्ष यादवले आर्थिक अनियमितता गरेको भन्दै स्थानीय राजेश कुमार रायको संयोजकत्वमा गठित संघर्ष समितिको अगुवाइमा कार्तिक १४ गते वडा कार्यालयमा तालाबन्दी गरिएको थियो।

वडाअध्यक्ष यादव गत स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसबाट निर्वाचित भएका थिए । हाल संघर्ष समितिका संयोजक बनेका राय त्यतिखेर जसपाबाट वडाअध्यक्षको उम्मेदवार भइ निकटतम प्रतिद्वन्दी बनेका थिए। पराजित मानसिकताले आफूलाई बदनाम गर्न र हारको बदला लिन झुटो आरोप लगाइ तालाबन्दी गरिएको वडा अध्यक्ष यादवको कथन छ।

बुधबार पत्रकार सम्मेलन गरी उनले राजनीतिक प्रतिशोध साध्न झुटो आरोप लगाइ रायले तालाबन्दी गरेको दाबी गरे।

"बिना कुनै जानकारी म बाहिर रहेको बेला कार्यवाहक वडा अध्यक्ष रीता देवी सदालाई कार्यकक्षबाट निकालेर तालाबन्दी गरियो, उनले भने-यो कार्य अराजकताको पराकाष्ठा हो।"

उनले आफूमाथि लगाइएको आरोप प्रमाणित गर्न चुनौती दिँदै तालाबन्दी न खोलिए प्रशासनको सहयोग र स्थानीयवासीको रोहबरमा तालाबन्दी खुलाउने चेतावनीसमेत दिए। पत्रकार सम्मेलनमा उपस्थित सदाले राय नेतृत्वको टोलीले एक्कासी आएर आफूलाई बाहिर निकालेर तालाबन्दी गरेको बताइन।

आफूले वडा अध्यक्ष आएपछि वार्ताबाट समस्या समाधान गरौं भनी आग्रह गर्दा पनि नमानेको र बाहिर निकालेर तालाबन्दी गरेको उनले बताईन । यता संघर्ष समितीका संयोजक रायले आफूहरुले वडा अध्यक्षसंग वडा कार्यालयबाट सम्पन्न भएको योजनाहरुको आय व्यय माग्दा बेवास्ता गरेको दाबी गर्दै सोही कारणले तालाबन्दीमा उत्रिनु परेको बताए।

# पाँच राउण्ड गोलीसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको खडक नगरपालिका ११ बाट २ जना राईफलमा प्रयोग हुने गोलीसहित पक्राउ परेका छन्।



पक्राउ पर्नेहरुमा सिरहाको लक्ष्मीपुर पतारी २ का १९ वर्षीय धर्मजीत यादव र १८ वर्षीय हरिशंकर यादव रहेका छन्। हुलाकी सडकखण्ड अन्तर्गत खडक नगरपालिका ११ बनौली खण्डमा चेकजाँचको क्रममा खटिएका इलाका प्रहरी कार्यालय कल्याणपुरको प्रहरीको टोलीले उनीहरुलाई पक्राउ गरेको छ।

धर्मजीतको साथबाट राईफलमा प्रयोग हुने (३०३) को ५ राउण्ड गोली बरामद भएको तथा उनीसंगै रहेका हरिशंकरलाईसमेत अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए।

उनीहरुलाई बुधबार नै हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा सप्तरी जिल्ला अदालतबाट ३ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# 'शौर्य मिथिला लोकचित्रकला प्रतियोगिता २०८०' हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेडले मधेश क्षेत्रलाई लक्षित गरी ' शौर्य मिथिला लोक चित्रकला प्रतियोगिता २०८०' गर्न लागेको छ।




प्रतियोगितामा मधेशका १६ वर्षभन्दा माथिका महिला सहभागी हुन सक्ने जनाइएको छ । प्रतियोगिता तीन चरणमा सम्पन्न हुनेछ । पहिलो चरणमा सहभागी महिलाहरुले आफ्नो विस्तृत जानकारी एवं आफ्नो एक चित्रकलाको प्रतिलिपि कम्पनीको वेबसाइट तथा फेसबुक पेजको क्युआर कोड स्क्यान गरी फारम भरी बुझाउन वा उपलब्ध फारम डाउनलोड गरी आवश्यक सम्पूर्ण जानकारी उल्लेख गरेर ह्वाट्सएप नम्बर ९८०२३३५५८५ मार्फत पनि पठाउन सक्ने जनाइएको छ।

उक्त फारम कार्तिक २३ गतेदेखि मंसिर ८ गतेसम्म बुझाउन सकिने छ । फारम साथ उपलब्ध गराइएको चित्रकलाको आधारमा सहभागीमध्ये ७५ जना दोस्रो चरणको लागि छनोट हुनेछन् । दोस्रो चरणमा प्रवेश गरेका सहभागीले कम्पनीले उल्लेख गरेको विषयमा मिथिला चित्रकला क्यान्भासमा कोर्नुपर्ने छ । दोस्रो चरणको प्रतियोगिता शौर्य सिमेन्टको सिरहाको मिचैयास्थित आफ्नो उद्योग भित्र नै सञ्चालन हुनेछ।

अन्तिम चरणका लागि ७५ सहभागीमध्ये उत्कृष्ट १५ सहभागी चुनिने छन् । यस चरणमा सहभागीले शौर्य सिमेन्ट उद्योगको भित्तामा मिथिला चित्रकला बनाउनु पर्ने हुन्छ । उनीहरुले बनाएको चित्रकलाको मूल्याङ्कन निर्णायक समितिले मूल्यांकन गरेको आधारमा उत्कृष्टलाई पुरस्कृत गरिने छ।

प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्नेलाई रु. ७५ हजार दोस्रोलाई रु. ५० हजार, तेस्रोलाई रु. २५ हजार र बाँकी १२ जनालाई सान्त्वना स्वरुप पाँच/पाँच हजार उपलब्ध गराईने कम्पनीले जनाएको छ।

# ट्र्याक्टर नियन्त्रमा




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले अवैध प्राकृतिक दोहनलाई रोक्ने अभियान सुरु गरेका छन् । गाउँपालिकामा रहेको जमुनिया खोलाबाट भइरहेको अवैध गिट्टी-बालुवा उत्खननमा उनले कडाइ गरेका छन्।

नदीमा अवैध उत्खननमा गाउपालिकाले कडाइ गरेपछि लुकिछिपी चोरी गरी बालुवा निकासी गरिरहेको एउटा ट्र्याक्टर नियन्त्रणमा अध्यक्ष यादवले लिएर कारबाही अगाडि बढाएका छन्।

गाउँपालिकाअन्तर्गत पर्ने जमुनिया खोलाबाट अवैध रूपमा गिट्टी-बालुवा उत्खनन भइरहेको गुनासो आएपछि अनुगमनका क्रममा अध्यक्ष यादवले खोलाबाटै एउटा ट्र्याक्टर नियन्त्रणमा लिएका छन्।

अध्यक्ष यादव अनुगमनमा पुग्दा खोलाबाट अवैध रूपमा उत्खनन गर्दै गरेको अवस्थामा भेटिएको ट्र्याक्टर उनले नियन्त्रणमा लिएर प्रहरी चौकी रङ्गपुरलाई बुझाएका छन्।

यादवले नियन्त्रणमा लिएको ट्र्याक्टर अहिले प्रहरी चौकीमै राखिएको छ । बालुवा सहितको उक्त ट्र्याक्टरलाई गाउँपालिका कार्यालयमा १० हजार रुपैयाँ जरिवाना गरी छोडिने यादवले जानकारी दिए।

# ट्रान्सफर्मर चोरीको घटनामा वृद्धि

**टुडे समाचारदाता**

रौतहट । जिल्लामा पछिल्लो समय ट्रान्सफर्मर चोरीको घटनामा वृद्धि भएको छ । एउटा ट्रान्सफर्मरको लाखौं मूल्य पर्ने गरेकोले चोरहरु जिल्लामा ट्रान्सफर्मर चोरी गर्न यतिखेर सक्रिय भएका छन्।



जिल्लाको माधवनारायण नगरपालिका-६ माधोपुरमा दुई साता अघि ट्रान्सफर्मर चोरी गरिएको घटना सेलाउन नपाउँदै मंगलबार राति फेरि मौलापुर नगरपालिका-१ मर्यादपुरमा एक ट्रान्सफर्मर चोरी भएको छ।

चोरहरुको समूहले रातिको समयमा मर्यादपुर गाउँमा लगाइएको खानेपानी ट्यांकीको उक्त ट्रान्सफर्मर चोरी गरेको छ।

खानेपानी ट्यांकीको ट्रान्सफर्मर चोरी भएपछि खानेपानीको सेवा अवरुद्ध हुँदा स्थानीयहरु खानेपानीको सेवा पाउनबाट वञ्चित भएका छन्।

केही वर्ष यता जिल्लाको विभिन्न ठाउँमा गरी दर्जनभन्दा बढी ट्रान्सफर्मर चोरी भइसकेको छ। सिंचाई र खानेपानीका लागि खास गरी गाउँ बस्ती भन्दा बाहिर खेतमा जडान गरिएको ट्रान्सफर्मर बढी चोरी हुने गरेको देखिएको छ।

गाउँ भन्दा बाहिर लगाइएको ट्रान्सफर्मर चोरी गर्न निकै सहज हुने भएकोले चोरहरु त्यस्ता ट्रान्सफर्मर चोरी गर्न पल्केका छन्।

गत वर्ष २०७९ सालमा गरुडा नगरपालिका-१ जयनगरबाट एउटा ट्रान्सफर्मर चोरी भएको थियो भने मौलापुर नगरपालिका-७ पथरा बुधरामबाटसमेत एक ट्रान्सफर्मर चोरी भएको थियो । यसै गरी कटहरिया नगरपालिकाबाट पनि एक ट्रान्सफर्मर चोरी भएको थियो।

रौतहटमा यसरी लगातार ट्रान्सफर्मर चोरी भइरहँदा यसतर्फ प्रहरी प्रशासनको ध्यान जान सकेको छैन । एक वर्ष भित्रमा जिल्लाबाट दर्जनौं ट्रान्सफर्मर चोरी भए पनि प्रहरीले हालसम्म कसैलाई समात्न सकेको छैन भने हालसम्म एउटा पनि ट्रान्सफर्मर पत्तासमेत लगाउन सकेको छैन्।

ट्रान्सफर्मर चोरीको घटनामा वृद्धि भएपछि धैरै ठाउँमा खेतीपाती तथा बस्तीमा अँध्यारो भएको छ। ट्रान्सफर्मर चोरी हुन थालेपछि कृषिमा सिंचाई गर्न किसानहरुलाई निकै समस्या हुन थालेको गुनासो बढेको छ।

# सुनचाँदीका गरगहना र नगदसहित ३ जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज। भारतीय सीमा नजिक पर्ने सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका १ खाँडो खोला क्षेत्रबाट सुन चाँदीका गरगहना र भारतीय रुपैयाँसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।



पक्राउ पर्नेहरुमा काठमाण्डु महानगरपालिका वडा नम्बर १० का १६ वर्षीय रिकेश श्रेष्ठ, लमजुङ्गको राइनास गाउँपालिका २ का १८ वर्षीय रोशन शाही ठकुरी र रामेछापको सुनपाती गाउँपालिका ६ का १७ वर्षीय उत्सव पाण्डे रहेका छन्।

सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट तिलाठीबाट खटेको टोलीले भारतबाट नेपालतर्फ आउँदै गर्दा उनीहरुमाथि शंका लागि चेकजाँच गर्दा उनीहरुले बोकेको झोलाबाट ३१ ग्राम सुन र १ सय ८८ ग्राम चाँदीको गरगहना बरामद गरेको छ।

यस्तै उनीहरुको साथबाट ४ थान मोवाइल तथा भारतीय रुपैयाँ ३ लाख ५५ हजार ३ सय ५१ (नेपाली रुपैयाँ ५ लाख ६८ हजार ५ सय ६३) समेत बरामद भएको सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हेडक्वाटरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मोहन राज विष्टले जानकारी दिए।

उनीहरु ३ दिन अघि नै पक्राउ परे पनि अनुसन्धानका लागि पठाइएको इटहरीस्थित राजश्व अनुसन्धानका कार्यालयबाट बुधवार मात्र सुन चाँदी र त्यसको तौल पुष्टी भएको विवरण प्राप्त भएकाले ढिलो गरी घट्ना विवरण सार्वजनिक गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८